# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ६ अङ्क ३६ पूर्णाङ्क २७४ | २०७८ फागुन २३ गते सोमबार | Monday, 7 March, 2022 | पृष्ठ ८ | मूल्य रू. १०।–


## वीरेन्द्रनगरको कर्फ्यूमा २३ जना पक्राउ सुनसान बन्यो वीरेन्द्रनगर

### ‘नेताहरूले देश बेचिसके, तिमीहरू माइकिङ गर्दै हिंड्ने भन्दै लखेटे’ लखेटिएका एक प्रहरीको भनाइ



सुर्खेत । स्थानीय प्रशासनले कर्फ्यू आदेश जारी गरेपछि ६ नं। प्रदेशको राजधानी वीरेन्द्रनगर मंगलबार विहानैदेखि सुनसान बनेको छ ।

अमेरिकी सहयोग परियोजना एमसीसी सम्झौताविरुद्धको आन्दोलन उग्र बनेपछि सोमबार बेलुकादेखि लगाइएको कर्फ्यूका कारण बाँकी २ पेजमा

# ‘राष्ट्रघाती एमसीसी र संसदीय व्यवस्थाविरूद्ध सशक्त संघर्षको तयारीमा जोड’





काठमाडौँ । नेकपा (क्रान्तिकारी माओवादी)सहित ६ कम्युनिस्ट पार्टी र २ मोर्चाको घोषित संघर्षको कार्यक्रम अन्तर्गत शुक्रबार काठमाडौंमा विशाल विरोधसभा सम्पन्न भयो । राष्ट्रघाती एमसीसी सम्झौता संसदबाट अनुमोदन गरेको घटनाको विरुद्धमा आयोजित विरोधसभालाई सम्बोधन गर्दै आठ वटै दलका शीर्ष नेताहरुले राष्ट्रिय स्वाधीनताको बाँकी ७ पेजमा

## ‘व्याख्यात्मक टिप्पणी : न्यानो थाङ्नाबाहेक केही पनि होइन’



मोरङ । नेकपा ९एकीकृत समाजवादी०का नेता एवं पूर्वप्रधानमन्त्री झलनाथ खनालले एमसीसी सम्झौतामाथिको व्याख्यात्मक टिप्पणीलाई न्यानो थाङ्नाबाहेक केही पनि नभएको र यसको कानुनी आधार केही पनि नभएको बताउनु भएको छ ।

विराटनगरमा बुधबार पत्रकारसँगको कुराकानीमा खनालले सदनमा प्रक्रियामा नै नलगी हतारहतार अनुमोदन गरिएकोले यसको परिणामहरु देखिँदै जाने बताएका हुन् । ‘एमसीसीले नेपाली समाजमा विभाजन ल्याएको छ यी, यस्ता अझै परिणामहरु देखिँदै जान्छ,’ उनले भने, ‘एमसीसीले नेपालीको भाग्य र भविष्यमा दूरगामी असर पार्छ र व्याख्यात्मक टिप्पणी न्यानो थाङ्नाबाहेक केही पनि होइन र यसको कानुनी आधार केही पनि छैन ।’

खनालले एमसीसीमा अनेकौं राष्ट्रघाती कुराहरु भएकाले आफूहरु नमान्ने भनाइ दोहोर्‍याए । ‘व्याख्यात्मक टिप्पणीको प्रस्ताव र एमसीसी सम्झौता छुट्टाछुट्टै पारित हुनुपर्ने थियो तर त्यस्तो गरिएन,’ उनले भने, ‘संसद्को विधि विधानविपरीत एमसीसी पास भयो त्यसैले कार्यान्वयनमा भयानक चुनौती छ र हामीहरु मान्दैनौं ।’ बाँकी ७ पेजमा

## ‘राष्ट्रिय स्वाधीनताका लागि सशक्त राष्ट्रिय प्रतिरोध संघर्षको तयारी गरौं’ ८ दलका शीर्ष नेताहरू



काठमाडौँ । राष्ट्रघाती एमसीसी सम्झौता पारित विरुद्ध नेकपा ९क्रान्तिकारी माओवादी०सहित ६ कम्युनिस्ट पार्टी र २ मोर्चाको घोषित संघर्षको कार्यक्रम अन्तर्गत शुक्रबार काठमाडौंमा विशाल विरोधसभा सम्पन्न भएको छ । विरोधसभालाई सम्बोधन गर्दै शीर्ष नेताहरुले देशको स्वाधीनता र सार्वभौमिकताको रक्षाका लागि राष्ट्रिय प्रतिरोध युद्धको आवश्यकता पर्न सक्ने बताउनु भएको छ ।

विरोधसभाको अध्यक्षता गर्दै नेकपा ९क्रान्तिकारी माओवादी०का महासचिव मोहन वैद्य किरणले एमसीसीविरोधी आन्दोलन जारी रहेको र यसको ऐतिहासिक महत्व रहेको बताउनु भयो । उहाँले भन्नुभयो, ‘एमसीसी राष्ट्रघाती छ। नेपालमा एउटा राष्ट्रघात थप भएको छ। रूपमा यो सम्झौता आर्थिक सहयोग भनेर आइरहेको छ। तर सारमा यो हिन्द प्रशान्त रणनीतिसँग सम्बन्धित छ र नेपाललाई बाँकी ७ पेजमा

## आठ दलीय मोर्चाका निर्णयहरू तथा निर्धारित कार्यक्रम तालिका




काठमाडौँ । बिप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीसहित छ राजनीतिक पार्टी र दुई मोर्चाले एमसीसीबिरुद्ध जनसंघर्षका कार्यक्रमहरू घोषणा गरेका छन् । नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)सहित नेपाल कम्युनिस्ट पार्टी, नेपाल कम्युनिस्ट पार्टी (मसाल), नेकपा माओवादी केन्द्र समाजवादी, नेपाल कम्युनिस्ट पार्टी, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपाल, देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल, राष्ट्रिय जनमोर्चा, नेपालले एक संयुक्त विज्ञप्ती जारी गर्दै एमसीसी सम्झौता पारित गर्ने राष्ट्रघातका विरूद्ध अविराम र निर्णायक जनसंघर्ष सञ्चालन गर्नु सम्पूर्ण देशभक्त नेपाली जनताको अहम् कर्तव्य हुन पुगेको र विषयको यही गम्भिर्यतालाई दृष्टिगत गरी आगामी चैत्र ६ गतेसम्मको बाँकी ७ पेजमा

## बुद्धिजीवी संगठनहरुद्वारा आयोजित ‘एमसीसी र राष्ट्रिय स्वाधीनता’ विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न




❑ डा.शम्भु कट्टेल

काठमाडौं । हिजो काठमाडौंको प्रज्ञा प्रतिष्ठानमा भएको एमसीसी खारेज आन्दोलनका बुद्धिजीवी संगठनहरुद्वारा आयोजित “एमसीसी र राष्ट्रिय स्वाधीनता” विषयक अन्तरक्रिया कार्यक्रम भव्यताका साथ सम्पन्न भएको छ । अन्तरक्रिया बाँकी ४ पेजमा

## नेपाली लेन्डुप दोर्जेहरूलाई माटोमा मिलाउन संयुक्त जनआन्दोलनको सुनामी सृष्टि अपरिहार्य

*अमेरिकी साम्राज्यवाद के हो ? उसले किन एकातिर नेपाललाई अनुदान दिने पनि भनेको छ भने अर्कोतिर किन जबर्जस्त दिनलाई दबाब दियो त ? धम्कीसमेत दिएर भए पनि किन जबर्जस्ती दिन खोज्यो त ? भन्ने प्रश्न पनि जोडदार रुपले उठिरहेको छ । यस विषयमा म यहाँ धेरै कुरा गर्न चाहन्न किनभने यस विषयमा आम देशभक्त नेपाली जनताले बुझिसकेका छन् । क्रान्तिकारी कम्युनिस्ट पार्टीहरुले पनि जनतालाई सजग गराउने, नबुझेका विषयमा स्पष्ट पार्ने काममा बहुतै मिहिनेत र संघर्ष गरिरहेका छन्*



● हस्तबहादुर केसी ●

यस लेखमा राष्ट्रघाती एमसीसी पारित गर्ने राष्ट्रिय लालगद्दारहरु र दलालहरुको चिनारीका रुपमा नेपाली लेन्डुप दोर्जेहरुको बारेमा र संयुक्त जनआन्दोलनलाई लक्ष्यमा नपुगुन्जेलसम्म जारी राख्ने विषयमा लेख्न प्रयत्न गरिएको छ ।

स्वतन्त्र सिक्किमलाई भारतमा विलय गराउन मुख्य भूमिका खेलेको सक्किमका लेन्डुप दोर्जे दक्षिण एशियाकै गद्दारका रुपमा चिनिन्छ। दक्षिण एशियामा कसैले लेन्डुप दोर्जेको नाम लियो भने उनलाई दक्षिण एशियाकै गद्दार र देशद्रोही भनेर चिन्ने गरिन्छ ।

नेपाल पनि दक्षिण एशियाकै स्वतन्त्र र बाँकी ३ पेजमा

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

## सम्पादकीय

# राष्ट्रघाती दलालहरुका विरुद्ध देशभक्त क्रान्तिकारीहरु !

खारेजीका लागि देशव्यापी उठेको विरोध र संघर्षमाथि फासिवादी दमन गरेर देउवा नेतृत्वको सत्तारुढ गठबन्धनले राष्ट्रघाती एमसीसी सम्झौता अनुमोदन गऱ्यो । उनीहरुले देश र जनताको हितमाथि युगान्तकारी रुपमा घात हुने राष्ट्रविरुद्धको अपराध गर्दै देश र जनतालाई अमेरिकी साम्राज्यवादको पाउमा सुम्पने काम गरे । देशलाई राष्ट्रघाती एमसीसीको साङ्लोमा बाँधेर अमेरिकाको गुलाम बनाउन पुगेका छन् । जसको बलिदानीपूर्वक प्रतिरोध संघर्षको उठान गरिरहेका छन्- देशभक्त क्रान्तिकारीहरुले ।

देश यतिखेर एकातिर देशभक्त क्रान्तिकारीहरु र अर्कोतिर राष्ट्रघाती दलालहरुबीच तीव्र रुपमा ध्रुवीकरण बढेर गएको छ । कांग्रेस, एमाले, माओवादी केन्द्र, एसमाजवादी, जसपा र लोसपा नामका संसदवादी दलहरुले अमेरिकाको नाङ्गो दलाली गर्दै राष्ट्रघाती एमसीसी पास गरेका छन् । उनीहरुभित्रका केन्द्रदेखि तल्लो स्तरका कार्यकर्ताहरु ठूलो संख्यामा एमसीसीको खारेजीको पक्षमा भए पनि, उनीहरु देशभक्त क्रान्तिकारीहरुसँगै सडकमा निस्किएर एमसीसी खारेजीका निम्ति संघर्षमा उत्रिए पनि, आफ्नै देशभक्त कार्यकर्ताहरुको टाउको फोरेर समेत उनीहरु एमसीसी पारित गर्न पुगे । यहाँसम्म कि माओवादी केन्द्र र एसमाजवादी नामका संसदवादी पार्टीका नेताहरु प्रचण्ड र माधव आफैले राष्ट्रघाती भनेर बिना संशोधन पास नगर्ने भनेर हल्ला गरिरहेका उनीहरुले आफ्नो चुनावी गुठबन्धन बचाउनका लागि रातारात एमसीसीलाई ब्याख्यात्मक घोषणाको नाटक गरेर रातारात पास गरियो र प्रचण्डले आफ्ना देशभक्त क्रान्तिकारी कार्यकर्तालाई रोक्नका लागि अहिले देशलाई ठूलो दुर्घटना हुनबाट बचाएको भन्दै नाङ्गो झुट बोलिरहेका छन् र देश जनतालाई अनि आफ्नै पार्टीभित्रका नेता कार्यकर्ताहरुलाई बेवकुफ बनाइरहेका छन् ।

यति हुँदा हुँदै पनि माओवादी केन्द्र र एसाजवादी पार्टीभित्रका देशभक्त नेताहरुले प्रचण्ड र माधवको भ्रमलाई चिरेर उनीहरुका विरुद्ध विद्रोह गर्न सकेका छैनन् । बरु यो वा त्यो नाममा उनीहरुकै भ्रमको शिकार भइरहेका छन् र कथित संसदीय राजनीतिक भविष्यका निम्ति भन्दै उनीहरु दलाल संसदीय व्यवस्था, सत्ता र पार्टीको घेरा तोडेर बाहिर आउन सकिरहेका छैनन् । उनीहरु साँच्चै राष्ट्रवादी हो भने उनीहरुले दलाल संसदीय सत्ता, व्यवस्था र दलको घेरा तोडेर बाहिर आउने हिम्मत गर्नैपर्छ । यस अर्थमा उनीहरु अहिले ऐतिहासिक रुपले अग्नीपरीक्षाको घडीमा खडा हुन पुगेका छन् ।

राष्ट्रघाती एमसीसी सम्झौताको अनुमोदनसँगै यो संसद र संसदीय व्यवस्थाको औचित्य सकिएको छ । देशको स्वाधीनताको रक्षा गर्न नसक्ने संसदको आयु लम्ब्याउनु भनेको देश र जनतामाथि थप घातमाथि घात थोपर्नु मात्रै हो । तसर्थ अब राष्ट्रिय स्वाधीनताको रक्षा यो दलाल संसदीय व्यवस्थाले गर्न सक्दैन भन्ने कुरा दिनको घाम झै छर्लङ्ग भएको छ । अब देश र जनताको हितका लागि राष्ट्रिय स्वाधीनताको आन्दोलन र संसदीय व्यवस्था विरुद्धको आन्दोलनलाई एकसाथ जोडेर लैजानुपर्छ । अब देशको स्वाधीनता बचाउनका लगि संघर्षरत ६ कम्युनिस्ट पार्टी र २ मोर्चाले देशको भुँइतहसम्मका देशभक्त र क्रान्तिकारीहरुलाई ध्रवीकृत गर्न जरुरी छ । ध्रुवीकरणतालाई तीव्र पारेर मात्र अमेरिकी साम्राज्यवादका विरुद्ध प्रतिरोध संघर्ष उठाउन सकिन्छ र एक्काइसौ शताब्दीको भियतनाम बनेर अमेरिकी साम्राज्यवादलाई धुलो चटाउन सक्छन् । अब अमेरिकाको साम्राज्यवादी मिसनको 'सप्टपावर'को रुपमा कार्यान्वयनमा लादै गरिएको एमसीसी परियोजनालाई ध्वस्त पार्नु देशभक्त क्रान्तिकारीहरुको अहिलेको प्रमुख कार्यभार हो । यो कार्यभार पूरा गर्नका लागि पनि देशभक्त क्रान्तिकारीहरुलाई व्यापक रुपमा संगठित गर्दै प्रतिरोध संघर्षलाई सशक्त रुपमा उठान गर्न जरुरी छ ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ ।
www.moolbato.com

# बाह्य दलालीका बाहक नेताहरु



● पुष्प गोपाल श्रेष्ठ ●

***हाम्रो सामु जुन संविधानसभाले संविधान संशोधन गरी नेपालको नयाँ नक्सालाई संविधानको अंग बनायो त्यसैलाई पटक पटक विघटन गर्नुको उद्देश्य, हालै देशमा देखापर्दै आइरहेको विद्यमान स्थितिलाई मध्येनजर लगाई भन्नुपर्दा, पूर्व प्रधानमन्त्री तथा एमालेका अध्यक्ष केपी शर्मा ओलीको कार्यविधि सिक्किमका लेन्दुप दोर्जेको दोश्रो अवतार धारणगर्दै गरेको प्रष्ट देख्नमा आएको छ । भने अर्कोतिर, भारतीय मिडिया भारतीय संस्थापन निकट मानिने 'हिन्दुस्तान टाइम्स'को सम्पादकीय र बिजेपीका नेता सुब्रहमण्यम् स्वामीको ट्वीटबाट छताछुल्ल भइसकेको कुरो हो***

नेपालमा सदियौं देखि शोषण, दमन र उत्पीदनको जालो फिंजाई आफ्नै वर्ग र जहानिया मोजमस्तिमा रमाउँदै, देश र जनतामाथि निरंकुश तानाशाही शासन लादेर आएका देश र जनतामारा निरंकुश राजनन्त्रलाई फालेर चिरनिन्द्रबाट ब्युउँझी सकेका हामी देशभक्त स्वाभिमानी नेपालीहरु, फेरि पनि यो साम्राज्यवाद विस्तारवादका पिछलग्गुहरु जो दलाल नोकरशाही पुँजीवादी तथा अर्धसामन्तवादीहरुले रचेको चक्रब्युमा जक्रियर उही पुरानो परम्परागत निरिहपनमा जीवन गुजारा गर्न बिवस बन्नु सच्चा देशभक्त स्वाभिमानी नेपालीहरुको निम्ति सुहाउँदो कुरो होइन ।

क्रान्तिकारी पार्टी भित्र केही व्यक्ती स्याललले बाघको छाला पहिरी हिंम्रक बने जस्तै क्रान्तिकारी अवधारणासाथ पद र प्रतिस्था ओगती बसेका यदाकदा त्यस्ता व्यक्तिहरुमा बाहिरका दक्षिणपन्थि संशोधनवाद तथा बाम्पन्थी सङ्किर्णतावादका बिरुद्धको बैचारिक सङ्घर्षमा यथोचित ध्यान दिने सामर्थ नरहनु मात्र होइन अपितु उनीहरुको सोच र क्रियाकलापलाई लिएर भन्नुपर्दा ती आफुलाई क्रान्तिकारी माओवादी भन्नेहरु आफै सङ्किर्णवादमा जक्रियर बसेको आभास मिल्न आएको छ भने अर्कोतिर नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा एमसीसी परियोजनालाई संसदबाट अनुमोदन गर्दै देशको स्वतन्त्र सार्वभौम सत्ता सम्पन्न भू-अखण्ड राष्ट्रलाई नै नष्ट ध्वष्ट पार्न मरिहत्य गरी लागिपरी आएका छन् ।

मार्क्सवाद बिज्ञान हो तर कला बिनाको बिज्ञानले मात्र क्रान्ति गर्दैन बिज्ञान र कलाका बीचमा द्वन्द्वात्मक सम्बन्ध रहन्छ । यहाँ बिज्ञान प्रधान पक्ष हो । बिज्ञानलाई कलात्मक ढङ्गले प्रयोग गर्न सकेमात्र यसले सकारात्मक परिणाम दिन्छ । बिज्ञानलाई पक्रन्दा कला बिर्सने कलालाई पक्रन्दा बिज्ञान बिर्सने कुराले गर्दा यहाँ कम्युनिष्ट (क्रान्तिकारी) आन्दोलन अगाडि बढ्न सकिराखेका छैनन् ।

आधारभूत सिद्धान्तलाई आत्मसात गरिसकेपछि त्यसलाई सिर्जनशील भएर व्यवहारमा लागु गर्नुपर्छ । सिर्जनशीलताका सम्बन्ध सिकेर गर्नेसँग होइन, गरेर सिक्नेसँग हुन्छ । सिर्जनशीलताका नाममा आधारभूत सिद्धान्तबाट चिप्लीने र गल्ती हुन्छ कि भन्ने नाममा यान्त्रिक नक्कलमा फस्ने कम्युनिष्टहरुमा दुईथरि समस्या रहिआएका छन् । द्वन्द्धात्मक तथा ऐतिहासिक भौतिकवादलाई मौखिक रुपमा ग्रहन त गर्ने तर त्यसलाई गहिरो गरी आत्मसात गर्न नसक्नेहरुमा यो समस्या पैदा हुन्छ ।

मार्क्सवाद विकास भइरहने ज्ञानको अथाहा भण्डार हो तर यहाँ हाम्रा मध्ये कतिपयमा मार्क्सवादलाई आंशिक रुपमा बुझ्ने र आफुले बुझेकोलाई पूर्ण र सबै ठीक ठान्ने तर अरुले बुझेकोलाई अपूर्ण र गलत मान्ने प्रवृत्ति रहिआएको छ । यसले क्रान्तिकारी आन्दोलनहरु बीचमा वैचारिक एकता पैदा गर्न र मार्क्सवादको रक्षा, प्रयोग र विकास गर्न समस्या उत्पन्न गर्ने गरेको छ ।

नेपाली समाजमा विद्यमान रहिआएको यी सबै अन्तरविरोध राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्यासँग सम्बन्धित छ । यसै समस्या निराकरण गर्नको निम्ति नेपाली नयाँ जनवादी क्रान्तिको आमराजनीतिक रणनीति भनेको सर्वहारावर्गको नेतृत्वमा नयाँ जनवादी गणतन्त्र स्थापना गर्न, नेपाल जस्तो अर्धसामन्ति तथा अर्धऔपनिवेशिक देशमा सम्पन्न गरिने नयाँ जनवादी क्रान्तिको कार्यदिशा सामन्तवाद तथा साम्राज्यवादका बिरुद्ध परिलक्षित रहेको छ । नेपाली नयाँ जनवादी क्रान्तिको कार्यदिशा यस्तो कार्यदिशा हो, जसले नेपाली समाजमा विद्यमान आधारभूत अन्तरविरोधको समाधान गर्ने सामर्थ्य राख्छ ।

नेपालमा नयाँजनवादी गणतन्त्र स्थापना गर्ने अभिष्ट प्राप्तिका लागि क्रान्तिकारी पार्टीद्वारा विगतमा मूल राजनीतिक कार्यनीति कार्यनीति तथा ठोस कार्यक्रम र तात्कालिक कार्यनीति निर्धारित गर्नुकोसँगै लगातार दशवर्षसम्म सशस्त्रजनयुद्ध सशक्त एवम् अविरल रुपले अगाडि बढ्दै देशका ८० प्रतिशत भू-भाग कब्जा जमाई, पुरानो केन्द्रीय राज्यसत्ता कब्जा गर्न ढाडमा तेकी ताउकोमा हान्ने कार्यनीतिका साथ अगाडि बढिरहेको स्थितिमा, जनयुद्धका मूल नेतृत्व सैद्धान्तिक विचलनमा परी सामन्तवादी सोच अनुरुप 'आफु भलो त जगत भलो' भन्ने जस्तो व्यक्तिवादी सोचमा गुत्मुतिन पुग्नुबाट सृजित वर्तमान स्थिति हो ।

माओले भन्नुभएको छ - बिचारधारात्मक तथा राजनीतिक कार्यदिशा सही वा गलत हुनुले सबैथोकको फैसला गर्छ । यो कुनै सामान्य कुरा होइन, यसलाई प्रत्येक क्रान्तिकारी कम्युनिष्टहरुले अत्यन्तै महत्वका साथ आत्मसात गर्नु नितान्त जरुरी छ । बिचारधारात्मक कार्यदिशा क्रान्तिको पथप्रदर्शक सिद्धान्तसँग सम्बन्धित छ । क्रान्तिकारी पार्टीको पठप्रदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद-माओवाद हो । राजनीतिक कार्यदिशा भनेको क्रान्तिको उद्देश्य, कार्यक्रम र नीतिमा आधारित हुन्छ । यसै सन्दर्भमा भन्नुपर्दा मूल राजनीतिक उद्देश्य नेपालमा बैज्ञानिक समाजवाद हुँदै साम्यवादमा जानु हो । त्यसका लागि अहिलेको हाम्रो राजनीतिक कार्यदिशा नयाँ जनवादी गणतन्त्रको कार्यदिशा हो ।

नेपालको राजनैतिक माहोलका सम्बन्धमा भन्नुपर्दा विशेषतः २००७ सालमा सामन्तवादी जहानिया राणा शासनको बिरुद्ध भए गरेका जनक्रान्तिको नेतृत्व दाबी गर्दै आइरहेका नेपाली काँग्रेस, भारतीय विस्तारवादी भारतीय सरकारका त्यति बेलाका प्रधानमन्त्री जवाहरिलाल नेहरुको धुर्त्याइमा लतपतियर धोकापूर्ण सम्झौतामा जनक्रान्तिलाई टुङ्ग्याई, नेपालमा प्रजातन्त्रको प्रादुर्भाव भयोभनि धोक्रोफुलाई प्रफुलित मनले घोषणा गरी आएदेखि भारतीय विस्तारवादीहरुको प्रत्यक्ष र अप्रत्यक्ष दादागिरी हुँदै आउनुलाई, नेपालमा प्रजातन्त्रको प्रादुर्भाव भयो भन्ने घोषणाको सेरोफेरो झुन्दिन्दै आएका सरकार र राजनैतिक दलका नेताहरु नतमस्तक भई भारतीय विस्तारवादको दलाली गर्न मै ब्यस्त रहिआएको, नेपालका देशभक्त स्वाभिमानी नेपालीहरुले देखि सुनि आएकै कुरा भए । तर, यतिखेर देशमा विद्यमान राजनैतिक स्थिति बेग्लै छ ।

खासमा भन्नुपर्दा ओली - गोयल वार्ता नै नेपालको राजनीतिको अस्वभाविक टर्निङ प्वाइन्ट हो । भन्नुको मतलव, गतवर्ष कार्तिक ५ ते बालुवाटारमा मध्यरातमा ओली र रअका प्रमुख सामन्त गोयल बीच तीन घण्टा लामो रहस्यमय गोप्य वार्ता भएपछि नाटकिय रुपमा ओली र नयाँ दिल्ली बीच सम्बन्ध सुधार हुनुको सँगै नेपाली राजनीति अस्वभाविक दिशातर्फ उन्मुख भएको कुरा सचेत नेपाली जनसमुदाय सामु दिनको घाम जतिकै छरप्रष्ट रुपले देख्नमा आएको कसैले छुपाएर छुप्ने कुरो होइन ।

नेपालमा अहिले आवश्यक्ता निर्वाचन होकि जनताको जीवन रक्षा ? अहिले देशका नागरिकलाई चाहिएको खोप, औषधिजन्य सामग्री र अस्पताल हो कि निर्वाचनको मिति र मतदान केन्द्र ? कोरोना संक्रमण रोकथामको लागि अविलम्व गर्नुपर्ने अन्य उपायको कार्यन्वयनमा ध्यान केन्द्रीत गर्नु पर्ने बेलालाई नजरअन्दान गर्दै, वर्तमान सरकार स्वास्थ्य संकटकाल घोषणा गरी आफुले पटक पटक गरेको असंवैधानिक कामको विरोधमा उत्रेका (लागेका) विरोधिहरुको सबै गतिवीधि यन्त्रिण गर्ने तयारिमा जुट्नु निरंकुश तानाशाही प्रवृत्ति छचल्किएको देख्नमा आएको छ ।

प्रशासनिक आदेश र बलका भरमा कोरोना संक्रमण रोकथाम र नियन्त्रण हुँदैन । संक्रमण रोक्न र नियन्त्रण गर्न क्वारेन्टाइन्, सेफ आइसोलेसन, कन्ट्र्याक्ट ट्रेसिङ्ग, खोप, परिक्षण र महामारी बिरुद्ध जनचेतना जगाउने काममा विशेष जोडबलको नितान्त आवश्यक छ । तर यी सब कुराहरुलाई गैरजिम्मेवार वर्तमान सरकारले ख्यालख्यालको विषय बनाउँदै, तानाशाही प्रवृत्ति छताछुल्ल पार्दै असंवैधानिक तौरतरिका अपनाई संघीय संसद विघटन गरी अध्यादेश मार्फत राज्य संचालन गर्नमा उद्दत रहीआएका छन् । अध्यादेश उल्लंघन वा अटेर तथा काममा अवरोध पुऱ्याएमा ५ लाखसम्म जरिवाना र १ वर्षसम्म कैद गर्नसक्ने अधिकार प्रजिअलाई दिएर, प्रजिअ स्वयम्लाई स्वेच्छाचारी बनाई देशलाई ध्वष्ट पार्ने घृष्टता अपनाउँदैछ ।

हाम्रो सामु जुन संविधानसभाले संविधान संशोधन गरी नेपालको नयाँ नक्सालाई संविधानको अंग बनायो त्यसैलाई पटक पटक विघटन गर्नुको उद्देश्य, हालै देशमा देखापर्दै आइरहेको विद्यमान स्थितिलाई मध्येनजर लगाई भन्नुपर्दा, पूर्व प्रधानमन्त्री तथा एमालेका अध्यक्ष केपी शर्मा ओलीको कार्यविधि सिक्किमका लेन्दुप दोर्जेको दोश्रो अवतार धारणगर्दै गरेको प्रष्ट देख्नमा आएको छ । भने अर्कोतिर, भारतीय मिडिया भारतीय संस्थापन निकट मानिने 'हिन्दुस्तान टाईम्स'को सम्पादकीय र बिजेपीका नेता सुब्रहमण्यम् स्वामीको ट्वीटबाट छताछुल्ल भइसकेको कुरो हो ।

स्वतन्त्र सार्वभौम सत्तासम्पन्न भू-अखण्ड राष्ट्र नेपालको संदर्भमा व्यक्त गरिएको अभिव्यक्त र नेपालका लागि भारतीय राजदुत समेतको यो असहज राजनैतिक परिस्थितिभित्र हस्तक्षेपकारी चहल पहल बढ्नुको सँगै ओलीको कार्यवीधीलाई बढावा दिन्दै लैनचौर स्थिति भारतीय राजदुतावासमा दौडधुप यीनका हिमायतिहरु जसपाका राजेन्द्र महतो र महन्त ठाकुर लगायत कतवाल जस्ता अन्य व्यक्ति विशेषहरुको चहलपहल र राप्रपा र मजदुर किसान पार्टीहरुको समेत साथ पाउँदा पनि स्वेच्छाचारी, प्रतिगमणकारी तानाशाही पूर्व प्रधानमन्त्री ओलीको सत्ता संकटमा परेपछि जसपाका महन्थ ठाकुर र राजेन्द्र महतो समुहको माग अनुरुप सरकारले आकास्मिक रुपमा गत हप्ता पाँच सदस्यीय संविधान संशोधन कार्यदल गठन गरी नागरिक्त सम्बन्धी अध्यादेश पनि जारी गर्न भ्याइसकेका छन् । जसबाट वर्तमान प्रधानमन्त्री ओलीलाई, नेपाल र नेपालीको भविष्य अन्धकार तिर धकेल्न अरु हौसला मिलिरहेको छनक प्रष्ट देख्नमा आएको छ ।

संविधानमा जे देखिएको छ, त्यो कानुन बनाएर कार्यान्वयन गर्ने कुरा हो । नागरिक्ता जस्तो संवेदनशील, पहिचान र राष्ट्रियतासँग जोडिएको विषयको कानुन ल्याउन ढिलै गर्न हुँदैनथ्यो । उहिल्यै गर्नुपर्थ्यो, गरिएन । अहिले प्रतिनीधिसभा विघटन गर्ने र त्यसको अघिल्लो दिन राष्ट्रघाटी मन्त्रिपरिषदले गरेको प्रतिगामी कदम - अध्यादेश ल्याउने निर्णय गर्नु आफ्नो सत्ता टिकाउनकै लागि, कसैलाई रिझाउन स्वेच्छाचारी ढङ्गबाट राष्ट्रलाई छेदबिच्छेद पार्न नागरिक्ता सम्बन्धी अध्यादेश ल्याउनुको सँग अर्को आर्थिक वर्ष ०७८/०७९ को अनुमानित राजस्व र व्ययको अनुमानित विवरण अध्यादेश मार्फत ल्याउनु पूर्व प्रधानमन्त्री ओलीको स्वेच्छाचारी तानाशाही (प्रतिगामी) प्रवृत्ति रहेको प्रष्ट झल्किन्छ । भने अर्कोतिर गरिमामय पदमा बाहाली रहेका राष्ट्रपति विद्यादेवी भण्डारीले प्रधानमन्त्रीको असंवैधानिक हरकत (कार्यवीधी) लाई पदीय मर्यादा अनुरुप सोच बिचारै नगरी आँखा चिम्लेर राष्ट्रपति पदको मर्यादा समेट ख्याल नगरी सहज रुपले सुइकारोक्ति जनाई आदेश जाहेर गर्नु निन्दनिय मात्र होइन अच्छेम्मे काम हुन पुगेको छ ।

यतिखेर देशको विद्यमान स्थितिमा, राष्ट्र र जिम्मेवार नागरिकको पहिलो र सर्बोच्च प्राथमिकताको विषय भनेको राष्ट्र र जीवनको रक्षा हो । मानवता विहिन प्रतिगामी राष्ट्रपति र प्रधानमन्त्रीको कर्तुतले गर्दा, देशका आमजनता कोरोना संक्रमणको चपेतामा परी आकूल ब्याकूल भई मर्नु न बाँच्नुको दोसाँधमा झुन्दिएर जीवन गुजार्न बाध्य हुनपुगिरहेका छन् । यस्तो स्थितिमा, नेपाल राष्ट्रको सार्वभौमिक्ता र जनताको जीवन रक्षाका लागि सम्पूर्ण सच्चा देशभक्त स्वाभिमानी प्रगतिशील एवम् क्रान्तिकारी जनसमुदायका जल्दोबल्दो शक्तिहरु एकजुटभई, देश र जनविरोधि विदेशीय शक्तिकेन्द्रीय दलाल सरकारको मात्र होइन, अपितु यस्ता विध्वंसकारी व्यवस्थापकीय सत्ता (व्यवस्था) खासमा देशको स्थितिलाई लिएर भन्नुपर्दा भरिया संसद, झगडालु सर्वोच्च, रमिते जनतालाई सचेत तुल्याई, त्यस्ता देश र जनद्रोही व्यवस्थालाई नै सखाप पार्दै एमसीसी पारित गर्ने दलालहरुको अस्तित्व नै नामेट गरी पठाउनु देश भक्त स्वाभिमानी नेपालीहरुको राष्ट्रिय दायित्व नै हो र सर्वहारा वर्गिय अधिनायकत्वमा आधारित नयाँ जनवादी राज्यवस्था (संघीय जनगणतन्त्र) कायम गर्न परिस्थिति अनुसार सशक्त क्रान्तिकारी जनसङ्घर्षमा दिलोज्यानले अवद्ध हुनु आजको अनिवार्य शर्त हुन आएको छ ।

*२०७८/११/१६*

*ताहाचल, काठमाडौँ*

## नेताहरुको...

वीरेन्द्रनगर सुनसान बनेको हो ।

प्रशासनले कर्फ्यू तोड्ने व्यक्तिलाई आवश्यकतानुसार सुरक्षाकमीले गोलीसमेत चलाउन सक्ने आदेश दिएको छ । मुख्य बजार क्षेत्रमा ठूलो संख्यामा प्रहरी परिचालन गरिएको छ भने प्रहरीले माइकिङ गर्दै सर्वसाधारणलाई घर बाहिर ननिस्किन आग्रह गरेको छ ।

कर्फ्यू आदेश जारी भएपछि महाशिवरात्रि पर्वसम्बन्धी आयोजना गरिएका विभिन्न कार्यक्रम स्थगित भएका छन् । यहाँका शिव मन्दिरहरु सुनसान बनेका छन् । भिडभाड हुने लाटिकोइलीको शिव मन्दिरमा केही फाटफुट भुक्ताहरुको उपस्थिति रहेको छ ।

वीरेन्द्रगरको मंगलगढी चोक, यरी चोक र वीरेन्द्र चोकको प्रहरी बिट पनि बन्दकर्ताले सोमबार राति तोडफोड गरेका छन् । यी चोकका सडकहरु बोतल र ढुगांहरुले भरिएका छन् । हिंड्न समेत मिलिरहेको छैन ।

बन्दकर्ताहरूले अहिले पनि लुकिछिपी प्रहरीमाथि ढुङ्गा हान्ने क्रम जारी रहेको प्रमुख जिल्ला अधिकारी खगेन्द्र रिजालले जानकारी दिए । 'मंगलबार बिहान पनि प्रहरीमाथि ढुङ्गा हान्न प्रयास गर्ने तीन जनालाई पक्राउ गरिएको छ' उनले भने ।

सोमबार विहान मात्रै वीरेन्द्रनगर-११ स्थित देउती बज्यौ क्षेत्रमा कर्फ्यू आदेशको माइकिङ गर्दै हिँडेका प्रहरीमाथि स्थानीयले ढुंगा हान्दै लखेटेका थिए । 'नेताहरुले देश बेचिसके, तिमीहरु माइकिङ गर्दै हिँड्ने भन्दै लखेटे' लखेटिएका एक प्रहरीले भने ।

प्रहरीका अनुसार सोमबार बिहानदेखि अहिलेसम्म प्रहरीले २३ जना बन्दकर्तालाई पक्राउ गरेको छ । जसमध्ये २० जनालाई सोमबार नै पक्राउ गरिएको थियो । यस्तै दुई पक्षबीचको झडपमा हुँदा ७ जना प्रहरी घाइते भएका छन् । सोमबार बन्दकर्ता र सुरक्षाकर्मीबीच भएको झडपमा प्रहरीले तीन दर्जन भन्दा बढी राउन्ड अश्रुग्याँस प्रहार गरेको प्रहरीले जनाएको छ ।

# नेपालको स्थानीय सत्ता भारतलाई र संघीय सत्ता अमेरिकालाई



● हुकुमबहादुर सिंह ●

***राष्ट्रियता र जनतन्त्र, दुवैलाई तहसनहस पार्ने काम नेपालका लेन्डुपेहरु सरकारमा आएपछि बढेको छ । र उनीहरु गम्भिर राष्ट्रघातको तयारीमा लागेका छन् । अमेरिकी परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) सम्झौता राष्ट्रघाती रहेको भन्दै त्यसको खारेजीका लागि चौतर्फी रुपमा आवाज उठिरहेको र दबाब आन्दोलनहरु सञ्चालन भइरहेको पृष्ठभूमिलाई बेवास्ता गर्दै तयससमयको सत्तारुढ नेकपा(एमाले)को एमसीसी सम्झौता अमेरिकी डिजाइन अनुसार नै संसदबाट पास गर्ने निर्णय थियो र उसको त्यो गम्भिर राष्ट्रघात थियो । पछि विभिन्न कारणवस त्यो सरकारबाट बाहिर हुन पुग्यो***

२०७६ असार ३० गते प्रतिनिधिसभामा दर्ता भएको एमसीसी सम्झौतालाइ २०७८ फागुन १५ गते राती ९ बजे प्रतिनिधिसभाबाट बडो नाटकीय ढंगले अनुमोदन गरिएको छ । एमसीसी अनुमोदन गरेर नेपालका संसदवादी दलहरुले अमेरिकी भक्तिभाव प्रदर्शन गरेका छन् । नेपाली जनताले नीर्वाचित प्रतिनिधिले अमेरिकाप्रतिको यो भक्तिभावको जवाफ दिन थालेका छन्, नेपाली काँग्रेस, एमाले र माकेका पार्टी कार्यलयमाथि धावा बोलेर ।

विगतमा नेपाल सरकार र एमसीसीबीच भएको सहमति अनुसार नै संसदमा दर्ता गरिएको थियो र त्यही फेरवदल नगरी अहिले त्यसैलाई पास गरेका छन् । यद्धपि विचमा शेरबहादुर, प्रचण्ड र माधव नेपालले नेपाली जनताको आँखामा छारो हाल्ने प्रयास गरेका छन् । शेरबहादुर, प्रचण्ड, माधव नेपाल, केपी ओली, यी सबै यसअर्थमा राष्ट्रघाती हुन, सिक्किमका लेन्डुप जस्तै नेपालका लेन्डुपेहरु हुन, जसले एमसीसीमार्फत नेपालको संघीय सत्ता अमेरिकालाई बुझाएका छन् ।

नेपाल सरकार र एमसीसीबीच सन २०१७ सेप्टेम्बर १४ मा सम्झौता भएको थियो । एमसीसीको ५० करोड अमेरिकी डलर र नेपाल सरकारको १३ करोड अमेरिकी डलरमा अन्तरदेशीय विद्युत प्रसारण लाइन र सडक मर्मत परियोजना संचालन गर्नका लागि एमसीसी सम्झौता भएको भनिए पनि यससँगै अमेरिकाको साम्राज्यवादी स्वार्थ यसमा अन्तर्निहित भएर आएको यसको अद्येता, विश्लेषक तथा देशभक्त एवम क्रान्तिकारी नेताहरुले बताइरहेका छन र उनीहरुले जुन कुनै हालतमा यो सम्झौता खारेज गरिनुपर्ने, अन्यथा नेपाल अमेरिकाको उपनिवेश (गुलाम, कठ्पुतली देश)मा परिणत हुने चेतावनी दिंदै आएका छन । नेकपा (क्रान्तिकारी माओवादी), देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल लगायत ६ वटा राजनीतिक दल र २ संयुक्त मोर्चाले संयुक्त रुपमा एमसीसीको खारेजीको लागि आन्दोलनमार्फत् दबाब दिंदै आएका छन भने एमसीसी खारेज अभियान नै बनाएर विभिन्न क्षेत्रका विज्ञहरुले समेत खारेजीको लागि दबाब दिंदै आएका छन । तर जनताको चाहना विपरित फागुन १५ गते राती ९ बजे नेपाली काँग्रेस, माके, एकिकृत समाजवादी संघीय समाजवादी ले यसलाई पास गरे । नेकपा(एमाले)ले अर्कोदिन पत्रकार सम्मेलन गर्रा पास भएकोमा खुसी मनाएको छ ।

अब रुपमा नेपाल देश छ, हामी जनता छौ, सरकार छ तर सारमा नेपालको संघीय सत्ता अमेरिकालाई बुझाए र स्थानीय सत्ता भारतलाई धेरै वर्ष अगाडि देखि बुझाएका छन् । एमसीसीमार्फत २०७८ फागुन १५ गते राती ९ बजेदेखि नेपालको संघीय सत्ता अमेरिकालाई बुझाए र एसडिपी (साना विकास परियोजना )मार्फत स्थानीय सत्ता भारतलाई बुझाइ सकेका छन् । धेरै नेपालीलाई थाहा छैन के थियो यो एसडिपी ।

***के हो एसडिपी ?***

नेपालमा लामो समयदेखि भारतले आफ्नो दूताबासमार्फत साना विकास परियोजना (एसडिपी)मा लगानी गरेर नेपालमा समानान्तर सरकारकै हैसियतमा अर्बौं रुपैयाँ सिंधै परिचालन गर्दै आएको भारतलाई यो सरकारले परियोजनालाई अर्र्को ३ वर्ष लम्ब्याउने निर्णय गरेर भारतीय विस्तारवादको तावेदारी गरेको छ ।

एसडिपी कार्यक्रमअनुसार भारतीय दूतावासले नेपालका कुनै पनि स्थानका विद्यालय, स्वास्थ्य चौकी तथा अन्य भौतिक पूर्वाधार निर्माणमा तीन करोड(पछि पाँच करोड) रुपैयाँ सम्म सिधै उपलब्ध गराउन सक्छ । यो अन्तरगत दूताबासले आफूखुशी तथा पहुँचका भरमा कलेज, विद्यालय, पुस्तकालय, अस्पताल भवन, सामुदायिक भवन, सडक र खानेपानी आयोजनाको निर्माण तथा दमकल,एम्बुलेन्स र हेभी इक्विपमेन्ट खरिद गर्न रकम उपयोग गर्दै आएको छ । यस्ता परियोजनामा ३करोड देखि ५ करोडसम्म लगानी आफूखुसी सोझै बाँड्ने गर्दै आएको छ ।

आफ्नो निर्वाचन क्षेत्रमा यस्तो साना परियोजनाहरु लैजान भारतीय दूतावासमा धाउने नेपाली नेता, सांसद र उच्च कर्मचारीको संख्या उल्लेख्य रहने गरेको छ । जसका कारण भारतीय दूतावासको नेपालमा राजनीतिक पहुँच र प्रभाव तल्लो तहसम्म परेको देखिन्छ । भारतले यस्ता कार्यक्रममार्फत नेपालमा आफ्ना दलालहरु तयार पार्दै आएको देखिन्छ ।

'दूतावासले यसरी विभिन्न छात्रवृत्ति, आयोजनाहरु र एम्बुलेन्स बाँड्दा त्यसले नेपालको राजनीतिमा कसलाई जिताउने र कसलाई हराउने भन्ने सम्मको अर्थ राख्दै आएकोछ,' नेपालका राष्ट्रवादी तथा देशभक्तहरु भन्ने गर्दछन । र अहिलेसम्मको इतिहासको समिक्षा गर्दा भारतीय दुतावासले आफ्ना पक्षकाहरुलाई पोस्न मात्रै यस्ता परियोजनाहरुको प्रयोग हुने गरेको पाइन्छ ।

साम्राज्यवादी मुलुक अमेरिकाको नीति, योजना, कार्यक्रम र निर्देशनमा चल्ने शेरबहादुर देउवा नेतृत्वको वर्तमान सरकार र संसदमा प्रतिपक्षमा रहेको नेकपा(एमाले) पहिल्यैदेखि एमसीसी संसदबाट हुबहु पास गर्नुपर्ने अडानमा रहेको थिए र उसले त्यसका निम्ति पार्टीभित्र र बाहिर पनि 'होमवर्क' गरिरहेको थिए । त्यही होमवर्कले नै पार्टीभित्र शीर्ष नेताहरुबीचको किचलो, आरोप प्रत्यारोप, गुटबन्दी तथा सत्तास्वार्थ सबैको व्यवस्थापन गरेको छ र पार्टीभित्रको एमसीसी विरोधी आवाजलाई पनि बन्द गरिदिएर अहिले माके र एकिकृत समाजवादी पनि सामेल भएर एमसीसी पास गरेका छन ।

अमेरिका विश्व साम्राज्यवादको नाइके र भारत उसका छिकेकी देशहरुका लागि विस्तारवादको नमूना तर वर्तमानमा क्षेत्रीय साम्राज्यवादतर्फ उन्मूख देश, नेपालमा एमसीसी पास गराउन लागि परे । वर्तमानको विश्व साम्राज्यवाद अमेरिका र भावी साम्राज्यवादी देश बन्दै गरेको भारत, यी दुवै मिलेर विश्वको दोस्रो ठूलो अर्थतन्त्र भएको र अमेरिकार र भारत दुवैको बलियो प्रतिष्पर्र्धी चीनका विरुद्ध लागेका शक्तिहरु रणनीतिक रुपले अवस्थित नेपालमार्फत चीनका विरुद्ध चौतर्फी नाकाबन्दीको रणनीतिमा लागेका छन । र तिब्बत उनीहरुका लागि चीनलाई तहसनहस बनाउने एउटा बलियो ज्वालामूखी हो भन्ने उनीहरुले ठानेका छन । तर यी दुवैलाई थाहा छ नेपाललाई नियन्त्रण नगरी चीन विरुद्धको ज्वालामूखीलाई सक्रिय बनाउन सकिदैन । विगतमा नेपालमाथि नियन्त्रण गर्ने अनेकौ प्रयास नगरिएका होइनन नेपालको उत्तरी सिमा नाकामा भारतीय सैनिक चेकपोष्ट र त्यसको मद्तमा पछि गरिएको खम्पा विद्रोह । उत्तरी सिमा नाकामा रहेका ती भारतीय सैनिक चेकपोष्ट त्यहाँबाट हटाउन र खम्पा विद्रोहलाई दमन गर्न तत्कालिन ततकालिन सरकारको महत्वपूर्ण भूमिका रहेकोछ ।

नेपालजस्ता देशका लागि राष्ट्रियता र जनतन्त्र, यी दुई राष्ट्रिय मुक्ति आन्दोलनका अंग हुन । र विगतमा कहिले राष्ट्रियतालाई हथियार बनाएर जनतन्त्रलाई कमजोर बनाउने काम गरियो त कहिले जनतन्त्रमाथि टेकेर नेपालको भू-भाग, जलस्रोत भारतलाई सुम्पेर नेपाल राष्ट्रियतालाई भारतसँग सौदावाजी गरिएको विगत र वर्तमानको इतिहास छ ।

तर पनि राष्ट्रियता र जनतन्त्र, दुवैलाई तहसनहस पार्ने काम नेपालका लेन्डुपेहरु सरकारमा आएपछि बढेको छ । र उनीहरु गम्भिर राष्ट्रघातको तयारीमा लागेका छन् । अमेरिकी परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) सम्झौता राष्ट्रघाती रहेको भन्दै त्यसको खारेजीका लागि चौतर्फी रुपमा आवाज उठिरहेको र दबाब आन्दोलनहरु सञ्चालन भइरहेको पृष्ठभूमिलाई बेवास्ता गर्दै तयससमयको सत्तारुढ नेकपा(एमाले)को एमसीसी सम्झौता अमेरिकी डिजाइन अनुसार नै संसदबाट पास गर्ने निर्णय थियो र उसको त्यो गम्भिर राष्ट्रघात थियो । पछि विभिन्न कारणवस त्यो सरकारबाट बाहिर हुन पुग्यो ।

सरकारको गठवन्धनमा रहेका माके र एकिकृत समाजवादीले एमसीसी सम्झौता संशोधन तथा परिमार्जनसहित संसदबाट पास गर्ने भनेको थियो । विकास र सहयोगको आवरणमा नेपालको असल छिमेकीको रुपमा रहेको चीनलाई घेरा हाल्ने र त्यसका लागि नेपालको भूमि, प्राकृतिक तथा मानवीय स्रोत साधनको प्रयोगमा एकाधिकार स्थापित हुने गरी अमेरिकाको हिन्द प्रशान्त सैन्य रणनीति अनुसार मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) सम्झौता नेपालको संसदबाट सके सर्वसम्मत, नभए दुईतिहाइ बहुमत, त्यो पनि नभए सामान्य बहुमतबाट पास गराउन चाहन्थ्यो अमेरिका । त्यसमा उ सफल भएको छ । यसरी नेपालका लेन्डुपेहरुले साना विकास परियोजना (एसडिपी)मार्फत स्थानीय सत्ता भारतलाई र एमसीसीमार्फत संघीय सत्ता अमेरिकालाई बुझाएका छन् ।

*hukumsingh2012@yahoo.com*

## नेपाली...

सार्बभौम मुलुकको हो । नेपाल कहिल्यै पनि पराधिन भएर, अर्को गुलाम बनेर बाँचेको देश होइन । इतिहासदेखि नै स्वतन्त्र र सार्वभौम देश बनेर आएको छ ।

सिक्किम त एउटा मात्र लेन्डुप दोर्जे थियो, जसले स्वतन्त्र देश सिक्किमलाई भारतमा गाभिदिएको थियो । तर नेपालमा दर्जनौं लेन्डुप दोर्जेहरु छन् । जसले स्वतन्त्र र सार्वभौम नेपाललाई वैदेशिक शक्तिहरुका सामु लम्पसार परेर राजनीतिक रुपमा र वर्गीय रुपमा समेत आत्मसमर्पण गरेर स्वतन्त्र र सार्वभौम नेपाललाई वैदेशिक शक्तिहरुलाई बुझाउने षड्यन्त्र र प्रपञ्च रचिरहेका छन् ।

अब को-को हुन् त नेपाली लाल गद्दार लेन्डुप दोर्जेहरु ? के के र कुन कुन ठाउँमा राष्ट्रघाती, देशघाती कार्य गर्नेहरु गर्दै आएका छन् ? ती लेन्डुप दोर्जेरुपी लाल गद्दारहरुलाई अब नेपाली जनताहरुले राम्ररी चिन्न, जान्न र बुझ्न मात्र होइन, उनीहरूलाई नेपाली माटोमा कसरी मिलाई दिने हो भन्ने कुराको हेक्का राख्न जरुरी छ ।

(१) को को हुन् नेपाली नेपाली लेन्डुप दोर्जेहरु ?

(क) सन् १९५० मा भारत शीतसि राष्ट्रघाती सम्झौता गर्ने तत्कालीन राणा प्रधानमन्त्री मोहन शमशेर जवरा ।

(ख) वि.सं. २०११ साल बैशाख १२ गते भारतलाई कोसी नदी बेच्ने तत्कालीन नेपाली काँग्रेसका प्रधानमन्त्री मातृकाप्रसाद कोइराला ।

(ग) २०१६ साल मंसिर १९ गते गण्डकी नदी भारतलाई बेच्ने तत्कालीन नेपाली काँग्रेसका सभापति र प्रधानमन्त्री विशेश्वर प्रसाद कोइराला ।

(घ) २०५३ साल असोज ४ गते महाकाली नदी भारतलाई बेच्ने तत्कालीन नेपाली काँग्रेसका प्रधानमन्त्री शेरबहादुर देउवा र तत्कालीन नेकपा (एमाले) का तत्कालीन महासचिव माधवकुमार नेपाल र एमाले कै अर्का नेता केपी ओली ।

(ङ) अहिले राष्ट्रघाति अमेरिकी सहयोग नियोग मिलिनियम च्यालेन्ज कर्पोरेसन प्रोजेक्ट यही २०७८ साल फागुन १५ गते साँझ ८ . ५७ बजे संसदबाट पारित गराएर राष्ट्रघात र राष्ट्रिय लाल गध्दारको कलंकको टीका लगाउन सफल भएका नेपाली लेन्डुप दोर्जेहरु को को हुन् ? नेपाली जनताले चिन्न जरुरी छ : ।

(१) नेपाली काँग्रेसका सभापति तथा प्रधानमन्त्री शेरबहादुर देउवा ।

(२) नेकपा ( एमाले ) का अध्यक्ष केपी ओली ।

(३) नेपाल कम्युनिस्ट पार्टी ( माओवादी केन्द्र ) का अध्यक्ष पुष्पकमल दाहाल ँप्रचण्ड□ ।

(४) नेपाल कम्युनिस्ट पार्टी ( एकीकृत समाजवादी ) का अध्यक्ष माधवकुमार नेपाल ।

(५) जसपाका अध्यक्षद्वय उपेन्द्र यादव , डाक्टर बावुराम भट्टराई ।

(६) लोसपाका अध्यक्ष महन्थ ठाकुर ।

यिनै हुन् नेपाली लेन्डुप दोर्जेहरु । नेपाली जनताले चिनी राखौं, जानी राखौं, बुझी राखौं ।

सम्पूर्ण देशभक्त नेपाली जनता, क्रान्तिकारी कम्युनिस्ट पार्टीहरुको व्यापक विरोधलाई वास्तै नगरी देशव्यापी रुपमा उक्त राष्ट्रघाति एमसीसीका विरुद्ध सडकमा उत्रिएका जनतालाई व्यापक दमन र धरपकड, लाठीचार्ज, अश्रु ग्यासको प्रयोग, गोली प्रहा गरेर राता रात संसदबाट पारित गरियो । नयाँ बानेश्वर क्षेत्रलाई रणभूमिमा परिणत गरियो । किन यस्तो गरियो त ? नेपाली जनताले बेलैमा जान्न आवश्यक हुन्छ ।

पहिलो कुरा- माथि उल्लेख गरिएका लेन्डुप दोर्जेरुपी लाल गध्दारहरुलाई अमेरिकाले र भारतले किनिसकेका थिए र नेपालबाट बिक्री भइसकेका र अमेरिका र भारतका सम्पत्ति भैसकेले उनीहरूलाई नेपाल र नेपाली जनताको माया हुने कुरै भएन । त्यसैले उनीहरू नेपाल लै बेच्न तयार भए ।

दोस्रो कुरा- नेपाली काँग्रेस जन्मजात भारत , अमेरिका लगायत वैदेशिक शक्तिहरुको दलाल हो । नेपाली काँग्रेस र त्यस पार्टीका नेताहरु देश बेचुवा , नेपालका नदी - नालाहरु बेचुवा हुन् । त्यसो भएर जुन जुन समयमा सत्तामा पुग्यो , त्यही त्यही समयमा देशका नदी - नालाहरु बेच्दै आएको हो । त्यसैले त नेपालका कम्युनिस्ट पार्टीहरुले , वामपन्थी तथा देशभक्त क्रान्तिकारी कम्युनिस्टहरूले नेपाली काँग्रेस राष्ट्रघाति , जनघाति , देश बेचुवा गध्दार भन्दै आएका हुन् ।

तेस्रो कुरा - नेपाली काँग्रेस त देश बेचुवा , विदेशीहरुको दलाल पार्टी भन्दै आएका नेपालका हालका कम्युनिस्ट आवरणका नामधारी तथा नक्कली कम्युनिस्ट पार्टीहरु र तिनका नेताहरूलाई समेत उछिनेर नेपाल र नेपाल राष्ट्र तथा नेपाली जनताका लाल गध्दार बन्न पुगे ।

ती नामधारी कम्युनिस्ट पार्टी र त्यसका नेताहरु किन लाल गध्दार बन्न पुगे र नेपाल लै बेच्न तयार भए ? यो नै मुख्य चासोको विषय हो ।

(क) उनीहरूले यति घृणित र राष्ट्रिय गध्दारी गर्नुमा पहिलो कुरा विचारबाट च्युत भए पछि सबै कुरा गुमाई सकेपछि भ्रष्ट दिमागको विकास भयो र ज्यान पाल्नका निम्ति पनि उनीहरूले वैदेशिक शक्तिहरुको दलाली र चाकडी गर्नुपर्ने भयो । र , लाल गध्दार भइसके पछि उनीहरूलाई देश र जनताको माया हुने कुरै भएन ।

( ख) त्यस्तै देश बेचुवा गधदारहरुलाई नेपाली जनताको भरोसा र विश्वास हुने कुरै भएन । त्यसो भए पछि यी लाल गध्दारहरु सधैं सत्तामा पुग्न र टिकिरहनाका निम्ति उनीहरूले अमेरिका भारत लगायतका शक्तिशाली देशहरू र त्यहाँका शासकहरुका सामु लम्पसार परेर आत्मसमर्पण गर्ने र चाकडी , दलाली , च्याप्लुसी इत्यादि गर्दै आए ।

उदाहरण कै रुपमा लिन सकिन्छ अहिले पाँच दलीय गठबन्धन सरकार जोगाउन कै निम्ति भनेर खुलेआम घोषणा गरेर पार्टी भित्र समेत व्यापक विरोध हुँदाहुँदै नेकपा ( माके) अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र नेकपा ( एस ) का अध्यक्ष माधवकुमार नेपालले राष्ट्रघाति एमसीसी संझौता नेपालको संसदबाट पारित गर्न प्रमुख भूमिका खेले र दक्षिण एशिया कै लाल गधेदार लेन्डुप दोर्जे कै हैसियतमा नेपाली लेन्डुप दोर्जेको दर्जा प्राप्त गर्न सफल भए ।

प्रचण्ड माधवकुमार नेपाललाई नेपाल राष्ट्र र नेपाली जनता भन्दा सत्ता र कुर्सी प्यारो लाग्यो । नेपाल राष्ट्र र नेपाली जनता भन्दा प्रचण्ड र माधवकुमार नेपाललाई सत्ता , सरकार , कुर्सी र भत्ता ठूलो लाग्यो ।

दलालले पैसा पायो भने जन्म दिने आमालाई समेतलाई बेच्छ भन्ने कुरा नेपालका लेन्डुप दोर्जे हरु ५० करोड अमेरिकी डलरमा सिंगो नेपाल राष्ट्रलाई नै बेच्न तयार भए ।

आज यस लेखमा अमेरिकी साम्राज्यवाद के हो ? उसले किन एकातिर नेपाललाई अनुदान दिने पनि भनेको छ भने अर्कोतिर किन जबर्जस्त दिनलाई दबाब दियो त ? धम्कीसमेत दिएर भए पनि किन जबर्जस्ती दिन खोज्यो त ? भन्ने प्रश्न पनि जोडदार रुपले उठिरहेको छ । यस विषयमा म यहाँ धेरै कुरा गर्न चाहन्न किनभने यस विषयमा आम देशभक्त नेपाली जनताले बुझिसकेका छन् । क्रान्तिकारी कम्युनिस्ट पार्टीहरुले पनि जनतालाई सजग गराउने , नबुझेका विषयमा स्पष्ट पार्ने काममा बहुतै मिहिनेत र संघर्ष गरिरहेका छन् यसका अतिरिक्त यहाँका यस विषयविज्ञहरु , बुध्दिजीवीहरु , लेखक - पत्रकार , साहित्यकारहरु , नागरिक समाज समेतले हरेक तह र तप्काका जनसमुदायलाई प्रष्ट पार्दै आएका छन् र यो अभियान जारी छ , राष्ट्रघाति अमेरिकी एमसीसी संझौता खारेज नभएसम्म आन्दोलन जारी राख्ने छ । त्यसो भएर मैले त्यतातिर समय लगाउन चाहेन । आजको मेरो मुख्य उद्श्ये भनेको नेपाली लेन्डुप दोर्जेहरुलाई जनतालाई चिनाउने र उनीहरूलाई नेपाली माटोमा कसरी मिलाउने ? यस विषयमा स्पष्ट पार्ने रहेको छ ।

यी दलाल तथा लेन्डुप दोर्जृहरुलाई नेपाली माटोमा मिलाउनका निम्ति अब सम्पूर्ण देशभक्त नेपाली जनता विहानीको भालेको पहिलो डाको मै जुरुक्क उठेर तेस्रो जनआन्दोलनको सृष्टि गर्न तयार हुनुपर्ने छ । गाउँ गाउँबाट , वस्ति वस्तिबाट उठ्नु पर्नेछ । शहर र गल्लीबाट उठ्न जरुरी छ । राष्ट्रिय स्वाधीनता प्राप्तका लागि नेपाली जनताले एकपटक योगदान गर्ने बेला आइसकेको छ ।

यहाँ एउटा मुख्य सवाल के हो भने सिक्किमका जनताले राष्ट्रघाति देशद्रोही लेन्डुप दोर्जेलाई समयमै चिन्न नसक्दा उसले छोटै समयमै जनतालाई थाहै नदिएर सिक्किमलाई भारत लाई बुझाउन सफल भयो । तर नेपालमा भने त्यस्तो अवस्था छैन । किनभने नेपाली जनताले नेपाली लेन्डुप दोर्जेहरुलाई चिनि सकेका छन् । बुझिसकेका छन् । तर यो कुरा साँचो हो कि नेपाली जनताले सिक्किमी लेन्डुप दोर्जेले सिक्किमलाई एकै रातमा भारतलाई बुझाए भै सजिलै नेपाललाई नेपाल जनताले बुझाउन दिने छैनन् । यो कुरा नेपाली लेन्डुप

दोर्जेहरुले हेक्का राख्न जरुरी छ ।

यहाँनेर एउटा के कुरा राख्न चाहन्छु भने नेपालमा किन लेनणदुव दोर्जेहरुको जन्म भयो र उनीहरू किन देश नै बेच्न तयार भएका छन् त ? भन्ने प्रश्न नै आज मुख्य प्रश्न बन्न पुगेको छ । प्रश्न र यसको उत्तर के हो भने जो नेपालमा यो सडेगलेको संसदीय व्यवस्था चलिरहेको छ । यही संसदीय व्यवस्था कै कारण नेपालमा नेपाली लेन्डुप दोर्जेहरु जन्मि रहेका छन् । उनीहरू नेपालका नदी - नालाहरु मात्र होइन देशै बेच्न तम्सि रहेका छन् ।

संसदीय व्यवस्था भनेको एउटा हातमा प्रजातन्त्रको झण्डा र अर्को हातमा बन्दुक बोकेर जनतालाई गोली ठोक्ने व्यवस्था हो । पछिल्लो उदाहरणका रुपमा यहाँ राष्ट्रघाति एमसीसी संझौताको खारेजीको माग राखेर राष्ट्रिय स्वाधीनता प्राप्तिका निम्ति सडकमा उत्रिएका जनतामाथि गोली चलाएको घटना ताजै छ ।

नेपालमा जुन समस्या पैदा भएको छ ।बेरोजगारीका कारण लाखौं युवाहरु विदेशीना बाध्य भइरहेका छन् ।जनताको गाँस , बास , कपासको समस्या जटिल बन्दै गएको छ । जनताका जनजीवनका समस्या विकराल बन्दै गइरहेका छन् । जनताका यी समस्याहरु यो संसदीय व्यवस्थाले हल गर्नुको साटो उल्टै विकराल बनाउँदै लैजाने हो ।

यसको वास्तविक समाधान महान् नेपाली क्रान्तिले गर्ने हो । नेपाली क्रान्ति पुरा गर्ने ऐतिहासिक कार्यभार आज नेपालका क्रान्तिकारी कम्युनिस्ट पार्टीहरुको काँधमा आइपुगेको छ । तर यतिबेला नेपाली कम्युनिस्ट आन्दोलनको क्रान्तिकारी धारा विभाजितअवस्थामा छ क्रान्तिकारी सम्पन्न गर्नका निम्ति पहिलो नम्बरमा यहाँ दलाल तथा नोकरशाही पुँजीपति वर्गको चिहान खन्ने नेपाली सर्वहारा वर्ग अर्थात् ग क्रान्तिकारी कम्युनिस्ट पार्टीहरुका बीचमा क्रान्तिकारी एकता हुनु अनिवार्य र अपरिहार्य भइसकेको छ र संयुक्त जनआन्दोलनको सृष्टि गर्न क्रान्तिकारी कम्युनिष्ट पार्टीले आन्दोलनलाई जारी राख्न जरुरी छ ।

बर्गदृष्टि
Bargadristi Weekly
साप्ताहिक

# माओवादी केन्द्रका तीन नेताको दाबी :
# एमसीसी इन्डो–प्यासिफिक स्ट्राटेजीको अंग, लेखे 'नोट अफ टिसेन्ट'

काठमाडौं । नेकपा माओवादी केन्द्रका तीन नेताहरुले अमेरिकाको मिलेनिमय च्यालेन्ज कर्पोरेसन (एमसीसी) सम्झौताबारे तल्लो कमिटी छलफल लैजानुपर्ने माग गर्दै 'नोट अफ डिसेन्ट' लेखेका छन् । कृष्णबहादुर महरा, देव गुरुङ र लिलामणि पोखरेलले शुक्रबारबाट सुरु भएको केन्द्रीय समितिको बैठकमा लिखित प्रस्ताव राख्दै तल्लो तहसम्म छलफल लैजानु पर्ने माग गरेका हुन् । उनीहरुको प्रस्तावमा व्याख्यात्मक घोषणाको प्रस्ताव पार्टी विधिअनुसार नआएको, एमसीसी राष्ट्रिय हितविपरीत भएको, इन्डो-प्यासिफिक स्ट्राटेजीको अंग भएको दाबी छ ।



शुक्रबारको बैठकमा अध्यक्ष पुष्पकमल दाहाल र नेता नारायणकाजी श्रेष्ठले धारणा राखेका थिए । दाहालले बाध्यात्मक अवस्थामा एमसीसी अनुमोदन गर्नु परेको बताएका थिए । श्रेष्ठले एमसीसीमा आफ्नो फरकमत रहेको तर पार्टीलाई एक बनाएर लैजानुपर्ने पक्षमा रहेको बताएका थिए ।

अमेरिकाको साम्राज्यवादी मिसनमा आधारित राष्ट्रघाती एमसीसी सम्झौता संसद्बाट अनुमोदन गराउन पार्टीको लाइन र म्याण्डेट विपरीत 'राष्ट्रघाती कदम' चालेपछि प्रचण्ड नेतृत्वको माओवादी केन्द्रमा भाँडभैलो उत्पन्न भएको थियो । व्याख्यात्मक टिप्पणी घोषणाको नाममा आफ्नो हद दर्जाको दलाल तथा अवसरवादी चरित्र देखाएको र पार्टीको नीति र म्याण्डेटलाई लत्याएर आफूखुशी निर्णय गरेभन्दै प्रचण्डको घोर विरोध भइरहेको छ । र, पार्टी परित्याग गर्नेहरुको लहर चलेको छ । माओवादी केन्द्रको केही समयअघि सम्पन्न महाधिवेशन र संसदीय दलको बैठकले बिना संशोधन एमसीसी पास नगर्ने लाइन लिएको थियो । तर पार्टीका नेता र कार्यकर्ताहरुलाई बेवकुफ बनाउँदै प्रचण्डले कथित व्याख्यात्मक घोषणाको नाटक रचेर एमसीसी हुबहु पारित गरेपछि माओवादी केन्द्रभित्र राष्ट्रघाती दलालहरु र देशभक्त क्रान्तिकारीहरुको दुईधार (दुई लाइन) देखिएको शुक्रबारबाट जारी केन्द्रिय समितिको बैठकमा सहभागि एक नेताले जानकारी दिए ।

# पेट्रोलियम पदार्थमा भएको मुल्य बृद्धि फिर्ता गर्न अखिल (क्रान्तिकारी)को जोडदार माग




कञ्चनपुर । अखिल क्रान्तिकारीले पेट्रोलियम पदार्थमा भएको मुल्य बृद्धि फिर्ता गर्न माग गरेको छ । नेकपा क्रान्तिकारी माओवादी निकट रहेको अखिल क्रान्तिकारी का केन्द्रिय अध्यक्ष हरि कृष्ण गजुरेलले सुक्रबार एक प्रेस विज्ञप्ती जारी गर्दै पेट्रोलियम पर्दाथको भएको मुल्य बृद्धि फिर्ता गर्न माग गरिएको छ ।


सरकारले पटक पटक मुल्य बृद्धि गरेर जनताको ढाड सेक्ने काम गरेको जनताप्रति गैरजिम्मेवारी बन्नुका साथै दलाल र माफियाको संरक्षणमा सरकार लागेको भन्दै सरकारका बिरूद्ध सशक्त संघर्षमा जानु पर्ने बताए ।

राष्ट्रघाती एमसीसी सम्झैता संसदबाट पारित गराउने मुख्य नाइके शेर बहादुर देउवा रहेकोले सरकार र स्वयम् प्रधानमन्त्री अमेरिकाको दलाल बन्न पुगेको अखिल क्रान्तिकारी का केन्द्रिय अध्यक्ष हरि कृष्ण गजुरेलले बताए । राष्ट्रघाती एमसीसी सम्झैता र पेट्रोलियम पर्दाथको भएको मुल्य बृद्धि फिर्ता गर्न सशक्त संघर्षमा जानु पर्ने भएकोले संघर्षका लागि सबैले साथ दिन अपिल गरिएको छ ।

# एमसीसीमा प्रचण्डले राष्ट्रघात गरेपछि माओवादी केन्द्रमा भाँडभैलो, फुटको गृहकार्यमा असन्तुष्ट नेताहरु

काठमाडौं । अमेरिकाको साम्राज्यवादी मिसनमा आधारित राष्ट्रघाती एमसीसी सम्झौता संसद्बाट अनुमोदन गराउन पार्टीको लाइन र म्याण्डेट विपरीत 'राष्ट्रघाती कदम' चालेपछि प्रचण्ड नेतृत्वको माओवादी केन्द्र फुटको संघारमा पुगेको छ । व्याख्यात्मक टिप्पणी घोषणाको नाममा आफ्नो हद दर्जाको दलाल तथा अवसरवादी चरित्र देखाएको र पार्टीको नीति र म्याण्डेटलाई लत्याएर आफूखुशी निर्णय गरेपछि पार्टीका नेता नारायणकाजी श्रेष्ठ, कृष्णबहादुर महरा, देव गुरुङ, गिरिराजमणि पोखरेल र लिलामणि पोखरेलले असहमति प्रकट गरेका थिए । उनीहरुको असहमितका बाबजुद एमसीसी पास गरेपछि पार्टी विभाजनका लागि भित्रभित्रै तयारी भइरहेको एक उच्चस्तरीय स्रोतले जनायो । आजै नयाँ बानेश्वरमा गोप्य रुपमा बसेको एमसीसीका विरोधी पक्षको बैठकमा पार्टी विभाजनको गृहकार्य भएको स्रोतले जनाएको छ । यो कुरा थाहा पाएपछि प्रचण्ड नारायणकाजी श्रेष्ठलाई भेट्न उनकै निवास हात्तिबनमा पुगेर करिब आधा घण्टा छलफल गरेको बुझिएको छ ।

माओवादी केन्द्रको हालै सम्पन्न महाधिवेशन र संसदीय दलको बैठकले बिना संशोधन एमसीसी पास नगर्ने लाइन लिएको थियो । तर पार्टीका नेता र कार्यकर्ताहरुलाई बेवकुफ बनाउँदै प्रचण्डले कथित व्याख्यात्मक घोषणाको नाटक रचेर एमसीसी हुबहु पारित गरेपछि माओवादी केन्द्रभित्र राष्ट्रघाती दलालहरु र देशभक्त क्रान्तिकारीहरुको दुईधार (दुई लाइन) देखिएको छ । व्याख्यात्मक टिप्पणीको विरोधमा नारायणकाजी श्रेष्ठदेखि युवा नेता लेखनाथ न्यौपानेसम्मले सार्वजनिक रुपमा नै प्रचण्डले गरेको राष्ट्रघातको खुलेर विरोध गरिरहेका छन् । तल कार्यकर्ता पंक्तिमा पनि ठूलो विरोध रहेको छ ।



'सोमबार खुमलटारमा आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष प्रचण्डले नारायणकाजी श्रेष्ठलाई पार्टी छाडेर गए हुन्छ भन्ने रुखो अभिव्यक्तिपछि पूर्वएकताकेन्द्रका नेताहरूले चित्त दुखाएका छन्,' श्रेष्ठनिकट पूर्व एकता केन्द्रका एक नेताले भने, 'कमरेड नारायणकाजीलाई अपमान सहेर प्रचण्डसँग बस्न सकिन्न भन्दै पूर्वसमूहका नेताहरूले दबाव दिइरहेका छन् । यही कुरो थाहा पाएर आज प्रचण्ड नारायणकाजीलाई भेट्न हात्तीवन जानुभएको हो ।'

पार्टीमा बस्न मन नलाग्नेहरू छाडेर जान सक्ने प्रचण्डको अभिव्यक्तिपछि माओवादीमा रहेका पूर्वएकताकेन्द्र समूहका साथीहरू तरङ्गित बनेको ती नेताले बताए । सोमबारको पत्रकार सम्मेलनमा प्रचण्डले एमसीसीबारे असहमति राख्ने अधिकार भए पनि सार्वजनिकरुपमा बोलेर श्रेष्ठले गल्ती गरेको बताएका थिए ।

विचार मिल्दा र मन लाग्दासम्म एउटै पार्टीमा बस्ने हो भन्दै प्रचण्डले एकै ठाउँमा रहन नसक्नेहरु अलग हुन सक्ने भाव प्रकट थिए । तर, पूर्वएकताकेन्द्रका साथीहरूले यसलाई 'छाडेर गए हुन्छ' भनेको अर्थमा बुझेका छन् ।

पूर्वएकताकेन्द्रका नेताहरु मात्रै नभएर पूर्वमाओवादी खेमाका कृष्णबहादुर महरा, देव गुरुङ, राम कार्कीदेखि लेखनाथ न्यौपानेसम्मले पनि प्रचण्डले गरेको राष्ट्रघातको भारी बोक्न नसक्ने भन्दै छुट्टै छलफल गर्न थालेका छन् ।

युवा नेता लेखनाथ न्यौपानेले एमसीसी पारित गर्ने निर्णय अवैधानिक भएको र प्रचण्डको मात्रै निर्णय भएको बताएका छन् । अर्का केन्द्रीय सदस्य जीवन गौतमले पनि एमसीसी पारित गर्ने निर्णयप्रति आपत्ति जनाएका छन् ।

यसैबीच, आगामी शुक्रबार माओवादी केन्द्रले पार्टीको केन्द्रीय कमिटीको बैठक बोलाएको छ । महासचिव लगायत पदाधिकारीहरू छान्ने कार्यसूची रहेको सो बैठकमा पूर्वएकताकेन्द्रका नेताहरूले फरक मत राख्ने र त्यहीँबाट पार्टी फुट्न सक्ने सूचना पाएपछि प्रचण्डले त्यसलाई मिलाउन सक्रियता बढाएको स्रोतले दाबी गरेको छ ।

## बुद्धिजीवी...

कार्यक्रममा अतिथि वक्ताका रुपमा पूर्व प्रधानान्यायाधिवक्ता प्रा.डा. युवराज संग्रौलाले संविधानको धारा २७९ अनुसार प्राकृतिक श्रोत सम्बन्धी यो सम्झौता संसदको दुईतिहाइ बहुमतले सदर गरेपछि मात्रै हस्ताक्षर हुनुपर्ने संवैधानिक ब्यवस्थाअनुरुप नभएको, एमसीएमा नेपाली कर्मचारीहरु रहेको देखिए पनि सबै कुरा एमसीसीको अनुमति लिएर गर्नु पर्ने प्रावधानहरुले गर्दा व्यवहारतः यो योजनामा नेपालको हात नरहने, यो एक किसिमको सुपर सरकार हुने, कपिराइट प्रावधानले पनि नेपाल तल परेको, एउटा कर्पोरेशनको हैसियत नेपाल देशको भन्दा माथि हुने, सम्झौता समानताको आधारमा हुनु पर्नेमा सो नभएको, सो सम्झौताको प्रावधानहरु र नेपालको संबिधानहरु बाझिदा सम्झौता लागू हुने, भिएना कन्भेन्सन अनुसार दुईतर्फी सम्झौतामा एक तर्फी व्याख्या (Interpretation) मान्य नहुने, International Commissionको मार्गदर्शक सिद्धान्तअनुसार पनि एक तर्फी व्याख्या लागू नहुने यथार्थ छँदाछँदै कतिपय सम्झौता विद भनिनेहरुबाट भ्रमात्मक कुरा गरेको जस्ता तथ्यहरुमाथि प्रकाश पार्नु भएको थियो ।

मन्तव्यको क्रममा उहांले दीपक ज्ञवाली र देवेन्द्रराज पाण्डेको अनुसन्धात्मक पुस्तकहरुले धेरै विदेशी सहयोगहरु निरर्थक रहेको, त्यसले भ्रष्टाचार, बिलासिता र फजुल खर्च बढाएको, यो सम्झौताको दफा ५ (ख)ले पनि नेपालले ब्याजसहित क्षतिपूर्ति तिर्नपर्नेजस्ता प्रावधान रहेबाट पाउने भन्दा गुमाउने स्थिति रहेको र शक्ति गठबन्धनको पछि लाग्दा अहिले युक्रेनको जस्तो स्थिति आउन सक्ने कुरामा सतर्क गराउनु भएको थियो ।

अन्त्यमा उहाँले कतिपय वामपंथी कर्मचारीहरुमा बिदेशी दास हुने सोच रहेको र कतिपय कम्युनिस्ट दलहरु मार्क्सवादी लेनिनवादी दृष्टिकोणबाट च्युत भएपछि बिना पर्याप्त छलफल प्रक्रिया र विषयवस्तु दुबै हिसाबले गलत सो सम्झौता गरेकोमा दुख ब्यक्त गर्दै अब सडकबाट मात्र हैन तर्कबाट पनि लड्नु परेको छ भन्दै सम्झौता पारित गर्नेहरुलाई सो ब्याख्या सो सम्झौताको अंग रहेको प्रमाण ल्याउन चुनौति पनि दिनु भयो ।

दोश्रा विज्ञ वक्ताका रुपमा चार्टर्ड एकाउन्ट्यान्ट तथा जलश्रोत विद रत्नसंसार श्रेष्ठले नेपालमा टनकपुर सम्झौतासम्म आइपुग्दा प्राकृतिक श्रोत साधन (खासगरी जलसाधन) को असमान सम्झौता गर्ने नेपाली कांग्रेस मात्रै रहेकोमा महाकाली संन्धी देखि वामपंथीहरु पनि असमान संधीमा सरीक भएको र एमसीसी सम्झौतामा एमाले, एकीकृत समाजवादी, जनता समाजवादी, र माओवादी केन्द्रसमेत सामेल भएको बताउनु भयो ।

एमसीसीको हकमा त पूरा अंशनै नपढी सम्झौता गरेको, अमेरिकाले पठाएको चिठीमा सम्झौता पारित गरेकोमा धन्यवाद मात्र दिएको तर 'ब्याख्या' को सन्दर्भ नै नभएको, स्वयं एमसीसीका भुपू नेपाली कर्मचारीले सो ब्याख्याको कुनै कानूनी हैसियत नभएको बताएको, सम्झौताको दफा ६.२ ले सम्झौताका अंग मानिने कागजातहरु दुईतर्फी सहमति भएमात्र मान्य हुने उल्लेख भएको, एमसीसी स्वयंले :ऋऋ ष्क बल भअयलफष्अ उर्षीबिच या IPS लेखेको, सुरक्षा र सामरिक कुरासंग संबन्धित सम्झौता नेपाली संबिधान अनुसार दुइ तिहाई बहुमतले पारित गरेपछि मात्रै हस्ताक्षर गर्न मिल्ने जस्ता कुराहरुमा प्रकाश पार्दै एकतर्फी 'ब्याख्या'को कुनै कानूनी हैसियत नभएको, नेपाललाई असंलग्न पक्षधरबाट शक्ति राष्ट्रहरुको पक्षमा फसाएर आजको युक्रेन र अफगानिस्तानको स्थितिमा पुऱ्याउन लागेको, र संसदलाई सो सैन्य गठबन्धनको रबर स्ट्याम्प बनाएकोमा दुख ब्यक्त गर्नु भयो ।

तेश्रा विज्ञ अतिथि वक्ता पूर्व गभर्नर तथा योजना आयोगका उपाध्यक्ष दीपेन्द्र बहादुर क्षेत्रीले नेपाललाई 'अनुदान' कोच्याएको, बिरालोले पुच्छर लुकाए जसरी एमसीसी सम्झौता पास गरेको, एमसीसीले इष्टइन्डिया कंम्पनी सियो बनेर ब्यापारिक आवरणमा पसेर पछि भारतलाई नै उपनिवेश बनाए जस्तै परिणाम ल्याउन सक्ने, एमसीएमा भएका नेपाली कर्मचारीले ठूलो निर्णय लिन नसक्ने भएर पनि त्यसमा एमसीसी हावी हुने, नेता ओलीका अर्थमंत्री युवराज खतिवडाको अग्रसरतामा संसदबाट पास गराउने कुरा थपिएको देखिएको, त्यसबाट नेपालकै मांग हो भन्ने देखाइएको तर वास्तवमा सैनिक रणनीति र मुआब्जा जस्ता कुराहरु भएकोले संसदबाट पास गराउन खोजेको जस्ता तथ्यहरु पेश गर्नु भएको थियो । आर्थिक दृष्टिले ट्रान्समिशन लाइन पनि नेपालले प्रति कि.मी. ४ करोडमा बनाएकोमा एमसीसीमा प्रति किमी १६ करोडले हिसाब गरिएको, थोरै जिल्ला मात्र छुने र सस्तो मोलमा भारत पठाउने बिजुलीबाट २ करोड नेपाली फाइदा पाउने भनेर किन भ्रम फिजाएको, ६ खर्ब बेरुजू देखिएको देशमा ५० करोड अनुदानमा किन जात फालेको, स्वयं एमसीसी योजनामा महालेखाले २६% बेरुजू देखाइसकेको (तयारी खर्चमा ३० करोडको हिसाब नदेखिएको) आदि विवरणहरुबाट सो योजनाबाट नेपालले भ्रष्टाचारमा वृध्दि र अमेरिकी दासता बाहेक केही नपाउने कुरामा प्रकाश पार्नु भएको थियो ।

अर्का बक्ता बरिष्ठ अधिवक्ता तथा भूपू सांसद एकराज भन्डारीले महासंन्धी र संविधानका प्रावधानहरु बाझिदा संबिधान हावी (एचभखबर्ष ) हुने तर सन्धि ऐनअनुसार बाझिएको कुरामा सन्धि हावी हुने भए पनि एमसीसी सम्झौतामा Reservation (अतिरिक्त ब्याख्या गर्ने ठाउँ) सुरुमै नराखिएको हुँदा अब आएर ब्याख्या थप्न पाइने ब्यवस्था छैन , या त हुबहु स्वीकार गर्ने या त हुबहु इन्कार गर्ने बिकल्प मात्र रहेकोले एकतर्फी नेपाली 'ब्याख्या'को कानूनी हैसियत नभएको, महाकाली सम्झौतामा राजनीतिलाई अपराधीकरण गराउने प्रावधान राखिएकोले संबिधानले राजनीतिक दलहरुमाथि प्रतिबन्ध लगाउन नपाउने ब्यवस्था गरेपनि दलहरुले प्रतिबन्ध भोग्नु परेको र प्रतिबन्धका दौरान झूठा राज्य द्रोहका मुद्दाहरु खेप्न परेको प्रसंगहरु उल्लेख गर्दै सम्झौताहरु संसदबाट पास हुने परम्परा नभैकन पनि १३८ करोडको कर्णाली योजना सम्झौता समेत संसदले पास नगरेको र त्यसमा बिरोध भई मुद्दा चल्दा सो योजना प्राकृतिक श्रोतको बांडफांडसंग असम्वन्धित भनी ब्याख्या गरिएको तर जाबो ५० करोडको एमसीसी सम्झौता चाहि कथित बिरालोले बाहुनको भतेर छुंदा मनमोजी तरीकाले ँकाली बिरालीले छोएकोमा दोष लाग्दैन, उत्तम हुन्छ भन्ने जस्तो ब्याख्या गरी दलाल नेताहरुले आफ्नो भात भान्छा चलाउन र चुनाव खर्च जुटाउन यस्तो करार ऐन जस्तोलाई समेत दासता प्रदर्शन गरी पारित गराएको प्रसंगहरु पेश गर्नु भएको थियो । सत्ताको बलमा कालोलाई सेतो बनाउने खेल हुने हुंदा सत्ताको बलको मुकाबिला बलैले गर्नु पर्ने निष्कर्ष सुनाउनु भएको थियो ।

अन्तिम वक्ता तथा सो अन्तरक्रिया कार्यक्रमका संयोजक राष्ट्रिय क्रान्तिकारी बुद्धिजीवी मञ्च नेपालका अध्यक्ष हुकुमबहादुर सिंहले कमिसनको खेलले बिदेशी सहयोगको दुरुपयोग भएको, धेरै NGO/INGO हरुले ललिपप चखाएर सहयोग भन्दा सम्राज्यवादीहरुका लागि आवश्यक सूचना मात्र धुतेको, अहिले नेपालमा विदेशीहरु सहयोगका नाममा हावी भएको, बिदेशी सहयोग के कसरी लिने भन्ने कुरा दृष्टिकोणको सवाल भएको र एमसीसीलाई कम्युनिस्टहरुले मार्क्सवादी कोणबाट हेरिनुपर्ने विचार राख्नु भयो ।

प्रस्तुतिको क्रममा उहाँले युवराज ज्ञवाली ओली प्रधानमन्त्री भएको सत्ताधारीहरुको प्रतिनिधि भएर एमसीसी सम्झौतालाई अमेरिकी गठबन्धनको अंग मान्ने पंक्तिमा आइपिएसको एउटा पार्टनरको रुपमा बसेको, एमसीसीको २००४ को कागजातहरुले नै यसलाई अमेरिकाको क्षेत्रीय स्वार्थ (IPS partnership) र रणनीतिक सहयोग संगठनको अंग बताउदा बताउँदै र अमेरिकी मन्त्रीले यो अनुदान होइन लगानी हो भन्दा भन्दै नेपाली कांग्रेस, एमाले र अन्य संसदवादीहरुले अनुदान हो भनेर भ्रम पार्ने प्रयास गरिरहेका छन् ।

यो परियोजनाको परिकल्पना नै अमेरिकी साम्राज्यवादमाथि २१औ सताब्दीमा आउको चुनौतीको सामाना कसरी गर्ने र निरनतररपमा अर्थिक, सामरिक लगायत सबै क्षेत्रमा अमेरिका पहिलो नै हुनु पर्ने र अमेरिका महाशक्रि नै रहिरहनु पर्ने भन्ने साम्राज्यवादी सोच र मान्यतालाई लागु गर्ने भन्ने चिन्तनले ग्रस्त अमेरिकाका लागि त्यसको बुझाइमा चुनौती भनेको चीन ने हो । बाराक ओवामाले चीनसंग ष्लनबनझभलतक नीति लिएका थिए पछि ट्रम्पले चीनसँगको मुठभेड (Confrontation) को नीति लिएअनुसार अमेरिकी रक्षा मन्त्रालय पेन्टागन अन्तरगत रहने गरी एमसीसी ल्याइउको स्पष्ट छ ।

उहाँले जोडका साथ भारतीय प्रतिक्रियावादी सत्ताको नेपाल र भुटानलाई यदि यिनीहरुले चुरिफुरी देखाए युक्रेनको स्थितिमा पुऱ्याउने धम्कीको परिप्रेक्ष्यमा क्रान्तिकारी कम्युनिस्टहरुका लागि साम्राज्यवादी शक्तिहरुलाई रणनीतिक र कार्यनीतिक दुवै हिसावले परास्त गर्न जरुरी भएको र नेपालमा नयां जनवाद, र वैज्ञानिक समाजवादको तयारी आवश्यक भएको भन्दै सहभागीहरुलाई उक्त अन्तरक्रियामा सहभागिताको लागि धन्यवाद पनि दिनु भएको थियो ।

सम्बोधनका क्रममा उहाँले अहिले एमसीसीका विरुद्ध जनतामा विद्रोहको ज्वाला उठेको छ, अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवाद बिरुद्ध नेपाली जनता उठ्नुपर्छ, जबसम्म नेपालमा संसदीय व्यवस्था रहिरहन्छ तबसम्म यस्तो समस्या आइरहन्छन् त्यसकारण जनवाद हुँदै वैज्ञानिक समाजवादको दिशामा देशलाई लैजानुको विकल्प नरहेको बताउनु भयो ।

मन्तव्यको अन्त्यमा संसदीय व्यवस्था नै सबै खराबीको जरो भएको र यो व्यवस्था दलालहरुको उत्पादन गर्ने कारखाना भएकोले यो कारखानालाई ध्वस्त पारी नयाँ विकल्पको आवश्यकता छ भन्नु भएको थियो ।

अन्त्यमा कार्यक्रम आयोजकका तर्फबाट उहाँले उपस्थित अतिथि वक्ताहरुका अमूल्य भनाइहरुप्रति धन्यवाद दिँदै ६ बुद्धिजीवी संगठनहरुले एमसीसी खारेजका सम्वन्धमा पहिलो पटक संयुक्त रुपमा यो कार्यक्रम गरेको र भविष्यमा पनि यस्ता संयुक्त कार्यक्रमहरुलाई निरन्तरता दिँदै जाने प्रतिबद्धता जनाउनु भएको थियो ।

कार्यक्रमको आयोजना नेपाल राष्ट्रिय बुद्धिजीवी संगठन, राष्ट्रिय क्रान्तिकारी बुद्धिजीवी मञ्च नेपाल, अखिल नेपाल बुद्धिजीवी संघ,अखिल नेपाल बुद्धिजीवी युनियन, समाजवादी बौद्धिक शिविर र माओवादी समाजवादी बुद्धिजीवी संगठन नेपालले संयुक्त रुपमा गरेका थिए ।

कार्यक्रमको अध्यक्षता अखिल नेपाल बुद्धिजीवी संघका अध्यक्ष प्रा.डा.श्रीधर गौतमले गर्नु भएको थियो भने कार्यक्रममा माओवादी समाजवादी बुद्धिजीवी संगठन नेपालकी भक्तकुमारी घिमिरेले स्वागत मन्तव्य राख्नु भएको थियो । कार्यक्रमको सञ्चालन समाजवादी बौद्धिक शिविरकी सदस्यीय यमकुमारी ददेलले गर्नु भउको थियो । कार्यक्रम कमलादीस्थित, काठमाडौं प्रज्ञा प्रतिष्ठानमा गरिएको थियो ।


प्रज्ञा प्रतिष्ठानको भरिभराउ भएको लेखनाथ कक्षमा बिभिन्न बिज्ञहरुबाट बिषयवस्तु प्रस्तुत भई छोटो प्रश्नोत्तर कार्यक्रम पनि भएको थियो । कार्यक्रम पछिको चियापानको क्रममा धेरै सहभागीहरुले सो कार्यक्रम धेरै नै जानकारीमूलक र उपयोगी भएको टिप्पणी गर्नु भएको थियो ।

# एमसीसी प्रकरण : मिडिया र संसदवादी दलहरु



● हिरामणि दुःखी ●

*एमसीसी परियोजना नेपालको हितमा नभएपछि नेकपा (क्रान्तिकारी माओवादी) विगत तीन वर्षदेखि एकल रूपमा, कहिले २२ दलीय गठबन्धन र विगत एक वर्षदेखि छ दल र दुई मोर्चाको संयुक्त आयोजनामा खारेज गर्नुपर्ने माग राखेर निरन्तर सडकमा आन्दोलन गर्दै गयो । यतिखेर गत पुस २६ गतेदेखि लगातार सडकमा एमसीसी विरुद्धमा आन्दोलन चलेपछि संसदमा रहेका माओवादी केन्द्र र एकीकृत समाजवादीले जनताको आन्दोलनलाई विथोलेर आफूहरूले सडक कब्जा गर्न षड्यन्त्र गरे । उनीहरूले एकातिर संसदमा संसोधन विना पारित हुन सक्दैन भन्दै सरकारको नेतृत्व गरेको काङ्ग्रेसलाई दवाव दिइरहे र अर्कातिर एमसीसी विरुद्धको आन्दोलन संसद बाहिर रहेका क्रान्तिकारी कम्युनिस्टहरूको कब्जामा नजावस् भनेर सडक कब्जा गर्न आफ्नो पार्टी अन्तरगतका युवा विद्यार्थीहरूलाई सडकमा आन्दोलन गर्न लगाए । यसो गर्दा सडक पनि आफ्नो कब्जामा रहने, सडकको दवावले काङ्ग्रेसलाई झुक्न लगायौँ भन्दै संसोधन सरहको भनेर 'ब्याख्यात्मक प्रस्ताव' पारित गर्न सफल भयौँ भनेर जनतामा ठूलो भ्रम छर्ने रणनीति अपनाए । यसरी पहिलो, एमसीसी सजिलै पास गरेर एकातिर अमेरिकालाई खुसी पार्न, दोस्रो विगतदेखि संसोधन विना पास गर्न सकिँदैन भन्दै आएकोमा सेफल्याण्ड पनि सहजै हुने र तेस्रो कुनै हालतमा पास गर्नु हुँदैन भन्ने आआफ्नै पार्टीका कार्यकर्ता र आम जनतालाई आखिरमा कुनै न कुनै माध्यमबाट संसोधन सहित पास गर्न त सफल भयौँ नि भनेर भ्रम छर्न सहज पनि हुने, एउटै मट्याङ्ग्राले तीन वटा शिकार गर्न सफल भए । सारमा साम्राज्यवाद सामू घुँडा टेकेर मालिक भक्ति देखाउँदै सत्तामा टिकिरहने दाउपेचलाई सफल तुल्याए ।*




अन्ततः एमसीसी परियोजनालाई संसदले पास गरेरै छाड्यो । विगत तीन बर्सदेखिको क्रान्तिकारी माओवादी सहितका संसद बाहिरका साना भनिएका कम्युनिस्ट पार्टीहरू, विभिन्न राजनीतिक दल र मोर्चाहरूको निरन्तरको सडक आन्दोलन, संसद र सरकारमै भएका दलहरूभित्रको तीव्र मतभेद, हालका गठबन्धनीय दलहरूका शीर्ष नेताहरूको द्वेध मनस्थितिका बिच यही फागुन १५ गते निकै ठूलो शक्ति लगाएर र काइते तर्क गरेर एमसीसी परियोजना संसदबाट पास गरियो । संसद भित्रै पनि एमसीसीका बिषयमा 'जस्ताको तस्तै पास गर्नुपर्ने', 'संसोधन सहित पास गर्नुपर्ने' र 'खारेज गरिनु पर्ने' गरी तीन वटा धार थियो । खारेज त भएन नै सारमा संसोधन पनि भएन । परन्तु रूपमा भने यस परियोजनामा संसोधन गरिनुपर्ने बुँदाहरूमाथि संसदले व्याख्यात्मक (आरक्षित) प्रस्तावका रूपमा १२ वटा बुँदामा आफ्नो विचार राखेर त्यसलाई संसदको घोषणापत्र बताएर एमसीसीलाई जस्ताको तस्तै पास गऱ्यो । प्रस्ताव संसोधन गर्नलाई त स्वयम् यसको हेडक्वार्टरबाट आउनु पर्थ्यो तर अमेरिकाले सम्झौताका कुनै पनि बुँदा त के अक्षर र कमा पनि संसोधन नहुने बताउँदै बरू छिटो पास गर्न धम्किपूर्ण अल्टिमेटम दिइनै रह्यो । फलस्वरूप अमेरिकी सत्ताको धम्कीबाट संसदवादी दलहरू थुरथुर काँप्दै घुँडा टेके र यथास्थितिमै पास गरिछाडे ।

बाबुराम भट्टराईको प्रधानमन्त्रित्व कालदेखि यो परियोजना नेपाल ल्याउन सैद्धान्तिक स्वीकृति दिइएको थियो । त्यस यताका सबै प्रधानमन्त्रीहरूका पालामा कुनै न कुनै सर्त र सम्झौता आदि हुँदै आएका थिए । २९ भदौ २०७४ मा शेरबहादुर देउवाका पालामा एमसीसी मुख्यालय र नेपाल सरकारका बिचमा कायान्वयन सम्झौता भयो । तथापि यसलाई सम्झौताको मुख्य शर्त बमोजिम नेपालको संसदले पारित गर्न बाँकी थियो । सम्झौताको प्रक्रिया नटुङ्गिदै एमसीए, नेपाल कार्यालय खोलेर उक्त परियोजना नेपालमा लागू गर्न राजनीतिक दल र तिनका नेता तथा सरकारलाई विभिन्न तरिकाले दवाव दिँदै आयो । हालसम्म नेपाल सरकारबाट साढे चार अरब रकम यो एमसीए नेपालका कर्मचारीहरूले तलब भत्ता खाएर मात्रै उडाइसकेका छन् । राष्ट्रका निम्ति आत्मघाती एमसीसी परियोजना बाबुरामदेखि अहिले देउवा नेतृत्वको प्रचण्ड, माधव, उपेन्द्र र चित्रबहादुर सहितको गठबन्धनीय सरकारका पालामा संसदबाट पारित गरेर संसदवादी दलहरूले अमेरिका सामू लम्पसार पर्दै देशलाई सदाका लागि पराधीन बनाउन सहमत भए ।

एमसीसी परियोजना खासमा अमेरिकाले नेपालका जनताको गरिबी देखेर त्यसबाट मुक्त गर्नका लागि विकासका पूर्वाधारहरूमा लगानी गर्न ल्याइएको होइन । यद्यपि परियोजनाको उद्यश्य विद्युत ट्रान्समिसन लाइनको विस्तार र सडकहरूको स्तरोन्तीमा लगाइने भनिएको छ । त्यसमा लगानी पनि होला । तर नेपालमा स्वयम् अमेरिकाकै अन्य सहयोग रकम र विभिन्न निकायबाट आउने वैदेशिक रिण, सहयोगका रकमहरूले आजसम्म सही ढङ्गबाट लागू भएका घटना निकै कम छन् । लागू भएका पनि निकै लामो समय लगाएर मात्रै पूरा भएका छन् । यो परियोजना अमेरिकाको रक्षामन्त्रालयको मातहतमा रहेको इण्डो प्यासिफिक रणनीति (आइपीएस)को अङ्ग रहने भनियो र यसलाई लागू गर्न सरकारसँगको सम्झौताबाट मात्र नभएर कानूनी मान्यता दिनका लागि संसदबाट पारित गर्ने शर्त राखियो तब यो परियोजना नेपालको हितमा नभई अमेरिकाको दीर्घकालिन सैन्यरणनीतिको हिस्सा हो भन्ने कुरामा द्विविधा रहेन ।

शताब्दियौँदेखि रुसको एउटा प्रान्तका रूपमा रहेको युक्रेन सोभियत ढलेपछि सन् १९९१मा अलग राष्ट्रको रूपमा रहन थालेको हो । अलग भएदेखि केही बर्स दुइदेशका बिचमा कुनै मनमुटाव थिएन । जब युक्रेनले अमेरिकी उक्साहटमा रुसलाई चिढ्याउन थाल्यो तब रुसको युक्रेनसँग वाकयुद्ध सुरु भयो । सन् २००६ मा रुसको सुझावलाई अस्वीकार गर्दै युक्रेन नाटोको सदस्य राष्ट्र बन्यो । ऊ त्यतिमा मात्रै सीमित रहेन । अमेरिकासँग मिलेर सैन्य गतिविधिमा पनि सामेल भयो । आफ्नो सीमा जोडिएको देशले आफ्नो स्वीकृति बेगर नाटोको सदस्य बन्यो र अमेरिकाको उक्साहटमा रुसलाई विभिन्न किसिमले जिस्क्याउन सुरु गऱ्यो त्यसको परिणाम आज युक्रेनले भोग्दै छ । यता एसिया महादेशका दुई विशाल देश चीन र भारत जसको बिचमा नेपाल अवस्थित छ, यी दुई देश उदाउँदा शक्तिराष्ट्र हुन् । भारत त अमेरिकाको सैन्य साझेदार मुलुक नै हो तर चीनलाई अमेरिकाले आफ्ना निम्ति खतराको देश मानेको छ । विश्वमा यदि अमेरिकालाई कुनै पनि चुनौती छ भने त्यो चीनबाटै छ । यो दुनियाँले बुझेकै कुरा हो । चीनले पनि बिआरआई परियोजना मार्फत् आफ्नो प्रभाव एशिया हुँदै युरोपसम्म विस्तार गर्दैछ । एमसीसीको रिपोर्ट अनुसार अमेरिकाका निम्ति आगामी एक हजार बर्सका चुनौतीमा चीनलाई नै प्रमुख दुश्मन ठानेको छ । त्यसैले चीनका विरुद्ध उसले दक्षिण एशियाका मुलुकहरूलाई आफ्नो सुरक्षा छातामुनी राखेर परिचालन गर्न चाहन्छ । नेपाल भूराजनीतिक सम्वेदनशीलतामा रहेको हुनाले यहाँ सिधै सैन्य साझेदार बनाएर आफ्नो उपस्थिति बलियो बनाउने सम्भावना उसले देखेन । त्यो यसकारणले पनि कि नेपालले असङ्लग्न परराष्ट्र नीतिलाई अङ्गालेको छ । तसर्थ विकासे चारो फालेर अमेरिकाले त्यो चारोलाई नेपालको कानुनभित्र छिराएर सदाका लागि उसले आफ्नो उपस्थिति बलियो बनाउन चाहन्थ्यो । कतिपयले एमसीसीको विरोधमा उत्रिएको जनमतलाई दिग्भ्रमित गर्न फैलाएको हल्ला जस्तो एमसीसी परियोजना लागू हुने वित्तिकै अमेरिकी सेना नेपाल आउने होइन । यो सम्भव पनि छैन र उसले त्यसो गर्दैन पनि । आज जसरी भुटानलाई भारतले आफ्नो प्रभावभित्र राखेर चीन विरोधी गतिविधि गर्न सहज बनाएको छ, त्यसैगरी अमेरिकाले पनि नेपाललाई बनाउन खोजेको हो ।

नेपालका सत्तासिन दलहरू एमसीसी परियोजना लागू गर्न किन यसरी मरिहत्ते गरिरहेका छन् ? सबैभन्दा उदेक लाग्दो कुरा यो हो । नेपालका शाषकहरूमा देशको विकास गर्न शक्तिराष्ट्रहरूसँग भिक माग्नु पर्छ भन्ने चेतनाले बलियो गरी जरा गाडेको छ । उनीहरू भन्छन् एउटा, गर्छन् अर्को । यी संसदवादी दलहरूले नै बनाएको संविधानमा समाजवादलाई प्राथमिकता दिएका छन् । साँच्चै समाजवादमै देशलाई लैजाने हो भने देशलाई आर्थिक रूपले सवल बनाउने र राष्ट्रिय पूँजीको विकास गर्दै लग्नु पर्ने हैन र ? नव उपनिवेशवादी नवउदारवाद लागू गरेर समाजवादमा पुगिन्छ भन्ने भाष्य संसदवादी कम्युनिस्टहरूले निर्माण गरेका छन् । यसले त उल्टै धनी र गरिबको खाडल विस्तार गर्दै लैजान्छ । यो एमसीसीलाई विकासको चकाचौँधको छडि ठान्नु पनि यही नवउदारवादी चेतनाको उपज हो । यिनीहरूले एमसीसी परियोजनालाई त्यसको दूरगामी असर र अमेरिकी कुटिलता नबुझी युएस एडमार्फत् आइरहेको रकम जस्तो ठानेर नेपालमा लागू गर्ने भनेर जुन सम्झौता गरे त्यही बेलादेखि सबै संसदवादी दलहरू फस्दै गए । आज उनीहरूका निम्ति यो परियोजना आफ्नो विश्वसनियता र सत्ता स्वार्थको प्रश्न बनेर खडा भयो । यस बिचमा परियोजना सम्झौता भएदेखि नै अमेरिकी सत्ताले नेपालका शासकहरूलाई तारन्तारको दबाब, धम्की र प्रलोभन पनि दिँदै आयो । २०४६ को परिवर्तनदेखि नै विदेशी शक्ति राष्ट्रहरूको आशिर्वाद विना सत्तामा जान सकिँदैन भन्ने मनोग्रन्थी पालेर बसेका नेताहरूको सत्तास्वार्थमा लिप्त हुने कमजोरी देखेर नै शक्तिराष्ट्रहरूले हेप्दै र यिनीहरूलाई आफ्नो जुत्ता पालिस गर्न लगाउँदै आएका पनि छन् । यही कमजोरीबाट फाइदा उठाउँदै अमेरिकाले दीर्घकालिन लक्ष्य राखेर चीनका विरुद्ध आफ्नो बलियो उपस्थिति जनाउन यो परियोजना नेपालमा घुसाउन सफल भयो ।

संसदवादी दलहरू भित्रै एमसीसी परियोजनाका बारेमा जसरी तीन धार देखा पऱ्यो त्यसमा खारेज नै गर्नु पर्छ भन्ने मत पास गर्ने बेला पाँच जना सांसदमा आएर टुङ्गियो । जस्ताको तस्तै पास गर्नु पर्छ भन्ने मत र संसोधन सहित पास गर्नु पर्छ भन्ने मत अन्त्यमा गएर एकै ठाउँमा केन्द्रीत भयो र आरक्षित बुँदा पास गरेर मुल प्रस्ताव जस्ताको तस्तै पास गरियो । अन्तर्राष्ट्रिय कानुनका जानकारहरूले नेपालको संसदबाट पारित गरिएको बाह्र बुँदे ब्याख्यात्मक प्रस्तावको कानुनी मान्यता नहुने बताउँछन् । त्यसमा अमेरिकी पक्षले अस्वीकार गरेमा त्यसको मूल्य र औचित्य नहुने जानकारहरूको भनाई छ । संसोधन गरेर पारित गर्नु पर्छ भनेर अडान लिएको नेकपा (माओवादी केन्द्र) र एकीकृत समाजवादीले आफ्नो लाज छोपेर सेफल्याण्ड गर्न तथा जनतामा भ्रम छर्नका लागि व्याख्यात्मक (खास अर्थमा बाध्यात्मक) प्रस्ताव पारित गरिएको तथ्य घाम जत्तिकै छर्लङ्ग छ । उता एमालेले एमसीसी पास गर्न विषयान्तरका माग राखेर संसदभित्र रोष्टम घेरिरह्यो । उसको मत गणना नहुने भएपछि यति गम्भीर राष्ट्रिय महत्वको प्रस्ताव ध्वनी मतबाट पास गरेर संसदवादी दलहरू चीरकाल पर्यन्त राष्ट्रका कलङ्क बने । यसमा एमालेले पानीमाथिको ओभानो बन्न खोज्नु संसदवादी दलहरू भित्रको सत्ता दाउपेचको नितान्त चुत्थो तर्क मात्रै हो । किनकि एमाले एमसीसी विना संसोधन पास गर्ने पक्षमा थियो । यदि वर्तमान सत्ता गठबन्धन भत्किएको भए एमाले र काङ्ग्रेस मिलेर स्वतः पास हुने थियो । केपी वलीले देउवालाई गठबन्धनले साथ दिएन भने फेल हुन कदापी दिइँदैन, तपाइँ ढुक्क हुनुस् भनेर त पठाएकै थिए । प्रचण्ड-माधवहरूलाई जसरी पनि खाइपाई आएको र निकै दुःखले अदालती प्रकृयाबाट आर्ज्याको सत्ता बचाउनु नै थियो । यो कुरा त प्रचण्ड आफैले १६ गतेको पत्रकार सम्मेलनमा बताइ नै सकेका छन् । उता यही विषयमा उपेन्द्रको पार्टी पनि फुट्दै थियो । यी सबै घटनाक्रमले प्रचण्ड-माधव-उपेन्द्रहरूलाई सेफल्याण्डका निम्ति सहज बाटो चाहिएको थियो । त्यो नै हो 'ब्याख्यात्मक प्रस्ताव' अर्थात् बाध्यात्मक प्रस्ताव । साप पनि मर्ने लठ्ठी पनि नभाँचिने । उता एमसीसीलाई अमेरिकाको स्वार्थअनुसार नै पास गरेर प्रभु पनि खुसी यता सत्ता गठबन्धन बचाएर आफूहरू पनि खुसी ।

एमसीसी परियोजना नेपालको हितमा नभएपछि नेकपा (क्रान्तिकारी माओवादी) विगत तीन वर्षदेखि एकल रूपमा, कहिले २२ दलीय गठबन्धन र विगत एक वर्षदेखि छ दल र दुई मोर्चाको संयुक्त आयोजनामा खारेज गर्नुपर्ने माग राखेर निरन्तर सडकमा आन्दोलन गर्दै गयो । यतिखेर गत पुस २६ गतेदेखि लगातार सडकमा एमसीसी विरुद्धमा आन्दोलन चलेपछि संसदमा रहेका माओवादी केन्द्र र एकीकृत समाजवादीले जनताको आन्दोलनलाई विथोलेर आफूहरूले सडक कब्जा गर्न षड्यन्त्र गरे । उनीहरूले एकातिर संसदमा संसोधन विना पारित हुन सक्दैन भन्दै सरकारको नेतृत्व गरेको काङ्ग्रेसलाई दवाव दिइरहे र अर्कातिर एमसीसी विरुद्धको आन्दोलन संसद बाहिर रहेका क्रान्तिकारी कम्युनिस्टहरूको कब्जामा नजावस् भनेर सडक कब्जा गर्न आफ्नो पार्टी अन्तरगतका युवा विद्यार्थीहरूलाई सडकमा आन्दोलन गर्न लगाए । यसो गर्दा सडक पनि आफ्नो कब्जामा रहने, सडकको दवावले काङ्ग्रेसलाई झुक्न लगायौँ भन्दै संसोधन सरहको भनेर 'ब्याख्यात्मक प्रस्ताव' पारित गर्न सफल भयौँ भनेर जनतामा ठूलो भ्रम छर्ने रणनीति अपनाए । यसरी पहिलो, एमसीसी सजिलै पास गरेर एकातिर अमेरिकालाई खुसी पार्न, दोस्रो विगतदेखि संसोधन विना पास गर्न सकिँदैन भन्दै आएकोमा सेफल्याण्ड पनि सहजै हुने र तेस्रो कुनै हालतमा पास गर्नु हुँदैन भन्ने आआफ्नै पार्टीका कार्यकर्ता र आम जनतालाई आखिरमा कुनै न कुनै माध्यमबाट संसोधन सहित पास गर्न त सफल भयौँ नि भनेर भ्रम छर्न सहज पनि हुने, एउटै मट्याङ्ग्राले तीन वटा शिकार गर्न सफल भए । सारमा साम्राज्यवाद सामू घुँडा टेकेर मालिक भक्ति देखाउँदै सत्तामा टिकिरहने दाउपेचलाई सफल तुल्याए ।

आज देशका मुल धारका भनिएका विगहाउसका सबै सञ्चार माध्यमहरूले क्रान्तिकारी कम्युनिस्टहरूले चलाएको राष्ट्रिय स्वाधीनताको आन्दोलनलाई ब्ल्यकआउट गरिरहेका छन् । व्यावसायिक सञ्चार माध्यम भनिएता पनि उनीहरूले साम्राज्यवादी मिसनलाई नै प्रोत्साहन गरिरहेका छन् । कथित लोकतन्त्र, मानव अधिकार, कानुनी राज, प्रेस स्वतन्त्रता जस्ता अधिकारहरू लोकतन्त्रमा नागरिकले प्रयोग गर्न पाउँछ भन्ने भ्रम बुर्जवा संसदीय व्यवस्थाले फैलाएको छ । परन्तु व्यवहारमा भने बुर्जुवा लोकतन्त्र या गणतन्त्र सबै भन्दा बढी फासिवादी, निरङ्कुस र अधिनायकतावादी हुन्छ । जो यतिबेला राष्ट्रिय स्वाधीनताका विषयमा गरिएको जनताको आन्दोलनलाई दमन गर्नुले प्रष्ट भएकै छ । त्यसैलाई यी मूलधारका मिडियाहरूले समाचारका विषय बनाउँछन् । सत्तासिन दलहरूका नेताका पेट खराब भएर पातलो दिसा आएको कुरालाई निकै सनसनीपूर्ण समाचार बनाएर प्रचार गर्ने ठूला मिडियाहरूका लागि राष्ट्र र जनताका पक्षमा गरिएका आन्दोलनका समाचार प्राथमिकतामा पर्दैनन् । किनकि आज सञ्चार माध्यमलाई एकाधिकार पूँजीवादले कब्जा गरेको छ । क्रान्तिकारी कम्युनिस्ट घटकहरूको नेतृत्वमा एमसीसीका बिरूद्धमा गरिएको लगातारको आन्दोलनको कथित मूलधारका कुनै पनि मिडियाहरूले समाचार दिएनन् । दिन चाहँदैनन् । नदिनुको कारण जनतामा विद्रोह चेतना नफैलियोस्, सत्य कुरा जनतामा नपुगोस् र यो संसदीय लुटतन्त्रको व्यवस्था धरापमा नपरोस् भन्ने नै हो । अर्कातिर यी मिडियाहरूले एमसीसी परियोजनाबाट लाखौँ करोडौँ रूपैयाँको विज्ञापन पाएका छन् र यी साम्राज्यवाद, नवउदारवादी पूँजीवादका विकाउ मालमा परिणत भएका छन् । जनताको आन्दोलनलाई बरू स्वरोजगारमुखी साना सञ्चार माध्यमहरूले प्राथमिकताका साथ समाचार बनाएर प्रकाशन प्रशारण गरिरहेका छन् ।

आजका राष्ट्रिय मुलधारका सबै सञ्चार माध्यमहरू कुनै न कुनै रूपमा साम्राज्यवादी मुलुकहरू र विस्तारवादी मुलुकका एजेण्ट बनेका छन् । समाचारको प्राथमिकता छनोट गर्ने अधिकार पत्रकार र सम्पादकहरूका हातमा छैन । तिनका मालिकहरूले त्यसलाई नियन्त्रण गरेका छन् । सञ्चार माध्यमहरूले सूचना सम्प्रेषण मात्रै गरेका हुँदैनन् । सूचना र विचारका माध्यमबाट सेवाको काम पनि गरिरहेका हुन्छन् । परन्तु पूँजीवाद र साम्राज्यवाद नियन्त्रित सञ्चार माध्यमहरूले सेवा गर्ने र सूचना पुऱ्याउने पनि पूँजीपति वर्गकै हितमा हो । उनीहरू त्यही गरिरहेका छन् । *१६ फागुन २०७८*

# असुरक्षित छोरीहरू



● मोदनाथ मरहट्टा ●

***कन्या या बालिकामाथि हुने यौन दुर्व्यवहार अहिले अलिकति सतहमा आएका छन् । यसले आउँदा दिनमा बालिकाहरू सुरक्षित हुन नसके पनि दोषीले दण्ड पाउँछन् भनेर ढुक्क हुने ठाउँ बनेको छैन । अहिले यौन हिंश्रकहरू पक्राउ गर्न प्रहरीको सक्रियता केही बढेको त छ तर न्याय व्यवस्था ढिलो र सङ्कुचित छ । केही वर्ष अघि पूजा बेहोराको मुद्दामा देखिएको नौटङ्की यो विषयको साक्षी हो । हाम्रो कानुनी प्रकृया एकातिर झन्झटिलो छँदै छ अर्कोतिर सत्यतथ्य खोज्ने नाममा न्याय सम्पादनमा खटिएका कारिन्दाहरूको अनुसन्धान त्यसै बिध्न अप्ठेरो छ । कहाँ कसरी कतिबेला जस्ता सवुदी प्रकृया खोज्दै गएर भित्री लुगा कसरी खोलियो कहाँ राख्यो जस्ता विषयको प्रश्नले पीडितलाई झन्झटिलो र लाजमर्दो बनाइन्छ***

हिजो आज दैनिक पत्रिकाका पृष्ठहरू महिला हिंसाका घिनलाग्दा खबरहरूले ढाकिएका छन् । खबर पढ्दा लाग्छ हरेक घर, समाजमा महिलाका शत्रुहरू लुकेका छन् र अवसर पाउनासाथ तिनीहरू पाटे बाघ बन्छन् अनि महिलामाथि झम्टन्छन् । आखिर यस्तो किन भइरहेछ, यो गम्भीर विषय बनेको छ । के हाम्रो सिङ्गो समाज यसको दोष बोक्न तयार छ वा विद्रुप वा कुरूप मानसिकता बोकेको पुरुष पात्रलाई दोष दिएर हामी उम्कने चेष्टा गर्छौं । कि कडा कानुनको माग गर्छौं जसका कारण यस्ता घटनाहरू निदान होउन् ।

हरेक दिन महिला हिंसाका खबरहरू टाढाका हुँदैनन् । यस्ता खबरका केन्द्रहरू नेपाल र भारतमा बढी छन् । यस्तो हुनुमा कोही कानुनलाई दोष देखाएर उम्कने चेष्टा गर्छौं । कोही बालबालिकालाई यौन शिक्षाको आवश्यकता भनेर उम्कन्छौं । कोही आधुनिक प्रविधि वा महिलाहरूका पहिरनलाई दोष दिएर उम्कन्छौं । केही वर्ष अघि बारा की ६ वर्षिया पूजा शाहको बलात्कारपछि हत्या गरियो । त्यसपछि बराली अभिभावकहरूले बेटी बचाउ अभियान नै शुरु गरे । कति दुःख लाग्दो स्थिति ! यस्तो खबर पढेर हामी सचेत भनिएका पुरुष मनभित्र पीडा जन्माउने रहेछ । अझ ती अभिभावकहरू कति पीडित वा आक्रोशित छन् छोरी जन्माएकोमा हीनताबोध गरिरहेछन् । यस्को निदान कसैत्राट पनि सोचिएको छैन ।

दङ्गाका बेला वा युद्धका बेला महिलामाथि हुने यौन हिंसाका बिबरणहरू पढिन्थ्यो, सुनिन्थ्यो । महिला हिंसा हाम्रो आम संस्कृति बनिसकेको छ । हामी हिन्दू सम्प्रदाय धेरैको आस्था बनेको पौराणिक धर्मग्रन्थहरू अध्ययन गर्दा यो स्थिति बुझिन्छ । यस्ता बिरलै घटनाहरू हुन्थे विजयले मातेको शक्तिले कमजोर शक्तिमाथि यस्तो दुर्व्यवहार गरेको हुन्थ्यो, तर होइन शान्त सुखमय अवस्थामा पनि महिला हिंसाका डरलाग्दा खबर वा प्रमाणहरूको हाम्रा अखबारहरूले साविती दिइरहेछन् ।

हाम्रा पौराणिक कथाअनुसार माझीकी छोरी मत्स्यगन्धा पराशर ऋषिबाट बलात्कृत भइन् । मेनकालाई विश्वामित्रले बलात्कार गरे । मत्स्यगन्धाबाट जन्मिएका व्यासले विधवा भाइबुहारी (अम्बा, अम्बालिका)लाई बलात्कार गरे । मेनकाकी पुत्री शकुन्तला, दुश्यन्तकी रखौटी बनिन् । कुन्तिलाई सूर्यले बलात्कार गरे । यी पूराणमा उल्लेखित केही प्रतिनिधि घटना हुन् । महिलालाई मात्र तोकिएको धार्मिक व्रत स्वस्थानी पढ्ने वा सुन्ने जो कोहीले पनि भन्न सक्छ सतीदेवी, वृन्दा र गोमा सबै महिला भगवान वा कर्मको नाममा बलात्कृत थिए । त्यसो त एउटा मान्यता यस्तो पनि थियो । 'यत्र नार्यस्तु पुज्यन्ते रम्यन्ते तत्र देवता ।' यस्ता मन्त्र फलाक्ने पराशर वा विश्वामित्रहरू किन व्यभिचारी भए ? पूराणमा यसको जवाफ भेटिँदैन । 'अहिले द्रौपदी, तारा, कुन्ति, मन्दोदरी तथा ।' यी पाँच महिला पात्रहरूलाई कन्या भनिएको छ । कतै हिंश्रक मनोवृत्ति भएका धर्मको व्याख्या गर्ने पाखण्ड पण्डितले यो प्रपञ्च रचेका त होइनन् ?

कन्या या बालिकामाथि हुने यौन दुर्व्यवहार अहिले अलिकति सतहमा आएका छन् । यसले आउँदा दिनमा बालिकाहरू सुरक्षित हुन नसके पनि दोषीले दण्ड पाउँछन् भनेर ढुक्क हुने ठाउँ बनेको छैन । अहिले यौन हिंश्रकहरू पक्राउ गर्न प्रहरीको सक्रियता केही बढेको त छ तर न्याय व्यवस्था ढिलो र सङ्कुचित छ । केही वर्ष अघि पूजा बेहोराको मुद्दामा देखिएको नौटङ्की यो विषयको साक्षी हो । हाम्रो कानुनी प्रकृया एकातिर झन्झटिलो छँदै छ अर्कोतिर सत्यतथ्य खोज्ने नाममा न्याय सम्पादनमा खटिएका कारिन्दाहरूको अनुसन्धान त्यसै बिध्न अप्ठेरो छ । कहाँ कसरी कतिबेला जस्ता सवुदी प्रकृया खोज्दै गएर भित्री लुगा कसरी खोलियो कहाँ राख्यो जस्ता विषयको प्रश्नले पीडितलाई झन्झटिलो र लाजमर्दो बनाइन्छ । कतिपय व्यहोरा बयानमा बाझिएकोले पीडक किटान गर्न भन्दा उन्मुक्ति दिनतर्फ प्रेरित गर्दछ । अर्कोतिर विद्यालयमा पढ्दै गरेका किशोरीहरू आफ्नै गुरुहरूबाट हिंश्रुत बनेका खबरहरूले मन पोल्छ । बालबालिकामा यौन शिक्षा अनिवार्य छ तर फेरी शिक्षा दिने शिक्षक नै दुराचारी भए भने के गर्ने ?

अविवाहित किशोरी वा बालबालिका मात्र होइन वैवाहिक महिलाहरूले पनि यौन हिंसा खपेका छन् । हाम्रो समाजमा केही दशक अघिसम्म अत्याधिक बाल विवाहको प्रचलन थियो । केही दिन अघि म छिमेकी महिलाको अन्त्यष्टीमा देवघाट पुगेको थिएँ । दागवत्ति दिनु अघि उनको जीवनीबारे केही कुराहरू आए । उनको नौ वर्षको उमेरमा विवाह भएको रहेछ । त्यो बिबरण सुनेपछि मैले हाम्री मृत्यु भएकी आमा सम्झिएँ । बुबा अठ्ठाइस वर्ष र आमा आठ वर्षकी बिच लगन गाँठो बाँधिएको थियो । अस्ति मृत्यु हुने महिला या हाम्री आमा वैवाहिक बलात्कारका शिकार भएनन् भनेर कसरी मान्न सकिन्छ ? अहिले पनि महिलालाई भोग्याको रूपमा बुझिने आम चलन छ । विवाहपछि आफ्नो हक भोगमा आएकी महिलामाथि यौनिक दुर्व्यवहार नभएको ठोकुवा कसले गर्न सक्छ ?

*'आठै वर्ष महा हुनेछ गउरी नौ वर्षकी रोहीणी*
*कन्या नाम हुनेछ दश वरषमा भन्छन् ती धौम्यमुनि*
*यी तीन् वर्षमहा विहे गरिदिए मिल्नेछ फलुधेर अति*
*दशमा नाध्न गइ भने रजवती हुनेछ त्यसको गति*
*एघारै जब वर्षकी रजवती देख्यो भने दिन्दिन्*
*आमा बाबु र दाजु घोर नरकमा जान्छनि तिन्का तिन'*

कुनै पण्डितले यस्तो ठोकुवा गरिदिए । त्यसकारण वालविवाहको संस्कार मौलायो । बालविवाह मात्र होइन, अनमेल विवाहमा पनि यौन हिंसा जीवितै हुन्थ्यो । यौन दासीका रूपमा बहुविवाह गरिन्थ्यो र बहुविवाहलाई बहादुरी ठानिन्थ्यो । यसबाट 'मर्दका दशौटी' भन्ने उखान जन्माइयो । इतिहासदेखि नै बल्झिँदै आएको यस्तो दुषित संस्कृति भत्काउन स्वयम् महिला जागरूप हुनु पर्दछ । तर हाम्रो धर्म संस्कृति यति जड छ कि महिलाहरूलाई उपभोग्य ठान्ने पुराण वा धार्मिक अनुष्ठानमा अधिकांश महिलाहरूकै भीड देखिन्छ । स्वस्थानी व्रत बस्ने र कथा सुन्ने महिलाहरू नै हुन्छन् । अशिक्षा वा न्यून चेतना भएका महिलाहरूबाट यस्ता कर्ममा आफैं ठगिइरहनु युक्ति संगत होइन ।

हाम्रो हिन्दू वर्ण व्यवस्थामा महिला हिंसामा बढी दोषी छ । समाज विकासको भौतिकवादी चिन्तनले व्याख्या गरेको मातृतन्त्रको कतै पनि प्रयोग भएको पाइँदैन । एकाध जनजातिहरूमा देखिएको मातृतन्त्री अवशेषभित्र पनि राक्षसी विवाह जस्तो प्रवृति कहीँ कतै पाइन्छ । राक्षसी विवाहलाई निषेध गर्ने हो र ती जनजातीहरूको संस्कृति जर्गेना गर्ने हो भने थोरै भएपनि राहत मिल्छ ।

महिला हिंसा निम्त्याउने निहुँमा हाम्रो कला साहित्य पनि जिम्मेवार देखिन्छ । मन्दिरका टुँडालमा प्रयुक्त यौन भङ्गिमाका चित्रले परम्परागत समाजको चरित्रको बारेमा केही विषय बोल्छ तर जुन पुस्तकमा कला, गीत, कथा वा उपन्यासमा प्रयुक्त महिला पात्रहरूको चित्रणमा, कुच, नितम्ब वा ओष्ठाइको कामुक विवरण लेखेर पाठकलाई रोमान्चित र उत्तेजित गरिन्छ तीनै पुस्तकहरूका पाठकहरू बढी छन् । यस्ता कृतिहरूबाट प्रकाशकहरूले बढी नाफा लिइरहेछन् । महिला हिंसा मौलाउने अर्को मूलकारण नाफामुखी बजार हो । शहरका महङ्गा रेष्टुरेण्टहरूमा रातभरि अर्धनग्न पोसाकमा नृत्य गर्न वाध्यतावश जागिर खाने चेलीहरू वा रोजगारी वा अर्थ सङ्कलनको निहुँमा देश काटेर मुग्लान पुग्ने महिलाहरू नै छन् । वास्तवमा पूँजीवाद नै महिला हिंसाको जिम्मेवार चिन्तन हो ।

समाजमा यसरी मौलाएको महिला हिंसाको अन्त्य गराउन जागरुक वर्गले अभियान शुरु गर्न आवश्यक बहस चलाउन ढिला भइसकेको छ । महिला हिंसालाई निरुत्साहित र निषेध गर्न समाजिक अगुवाहरूको विशेष पहलको जरुरी छ । लैङ्गिक हिंसा निषेधका लागि महिलाहरूको प्रयासले मात्र सम्भव हुँदैन । महिला पुरुष दुवैको सहभागिताका लागि राज्यले दायित्व लिनु आवश्यक छ ।

*रत्ननगर- ३, चितवन*

❑ यो साताको कविता

## दलाल सत्ता



❑ अम्बिका मुठभरी ❑

*संवेदनहीन सत्तालाई कोहिले छुँदैन*
*दशगजामा रक्त मुछेल भै ढलेका गोबिन्दहरू*
*नदी तर्दा तुइनबाटै बेपत्ता धामीहरू*
*तिलाठीमा लडिरहेका देवहरू*
*नागरिकता सिरानिमा राखेर*
*भालेको डाकोसङ्गै बिउँझदा देशै गुमाएकाहरू*
*गणनामै नअटेका टिङ्करका बस्तिहरू*
*अहँ ! यति स-साना घटनाले*
*उसलाई कत्ति छुँदैन ।*

*माने भञ्ज्याङ्, लिपुलेक, कालापानी*
*सुस्ताका केही बस्ती मात्र लुटिएको न हो*
*छपकैया, सोमेश्वर, मेचीकालीका*
*जङ्गे पिल्लर हराएको मात्र न हो*
*विकासकै लागि अलि अलि*
*रिण थपेको मात्र त हो*
*परनिर्भर मात्र कहाँ हुनु*
*परचक्री लुटलाई मानेको मात्र त हो*
*अहँ ! यति सामान्य अन्तरले उसलाई केही हुँदैन ।*

*सीमित उधोगहरू डुबेका त हुन्*
*वैदेशिक रोजगार खोलिएकै छ*
*सपना बोकेर उडेकाहरू*
*अस्तु बनी फर्किएका छन्*
*श्रम हैन शरीर बेचिएर चित्कारसङ्गै*
*गुमनाम चेलीहरू मारिएर के भो र*
*रेमिटेन्सको मुल फुटेकै छ*
*केही सामन्य परिवार रोएको त हो*
*अहँ ! यति सानो कुरा यो निर्लज्ज सत्ताले पटक्कै देख्दैन ।*

*कृषिप्रधान देश निर्यात सून्य छ*
*चामलसङ्ग पिठो साटेर*
*गुन्द्रुक र कोदो आयत भएको मात्र न हो*
*उर्वर भूमि बन्जर भए, युवाहरू अलपत्र छन्*
*अपमान, तिरस्कारको पहाडले*
*किचिएका महिला र दलितहरू*
*लडखडाउँदै आफ्नै देशमा*
*पहिचान खोज्न हिँडेकाहरू*
*जन्मदै टाउकोमा रिणको बोझ बोकेर*
*हातमुख जोर्न मुस्किल बस्तीहरू*
*अहँ ! यस्ता कुराले उसलाई केही फरक पर्दैन ।*

*माघे झरीमा पसिनाको मूल्य भिखझैँ*
*माग्नुपर्ने उखु किसानका*
*आँशुले किञ्चित पोल्दैन*
*पुषको ठिहिरोमा नकुन्निहरूको न्याय*
*माग्न लडिरहेका रुबीहरू कापिरहेको देख्दै देख्दैन*
*रेमिटेन्सले किनेको सामानमा उसैसङ्ग*
*कर उठाउनु कत्ती बढी भएकै लाग्दैन*
*हत्या, बलात्कार, कमिसन अन्याय देख्दैन*
*सत्ता स्वार्थको निम्ति स्वाभिमान बन्दक राखेर*
*बिदेशीको नाङ्गो नाच*
*अहँ ! दलाल सत्ताले यी कुरा देख्दै देख्दैन ।*

*पहिचान बिहीन पारिएका*
*किनाराहरूमा रहेको देशभक्ति*
*निरन्कुश शासकको ढोँगी रास्ट्रवादले बुझ्नै सक्दैन*
*त्यसैले आउनुहोस्*
*संवेदनाहीन शासकले*
*देख्ने सुन्नेगरी घन ठोक्न उठौ*
*जून्रा, उडुसझैँ हाम्रै शरीरको रगत*
*चुस्ने चुसाहा शासक विरुद्ध*
*दवानलको झिल्को झोस्न जुटौँ ।*

# युक्रेन–रूस वार्ताको चीनद्वारा स्वागत



काठमाडौं । चीनले युक्रेन संकटको शान्तिपूर्ण समाधानका लागि हुने सबै कूटनीतिक प्रयासहरूलाई सधै समर्थन र प्रोत्साहन गरेको चिनियाँ विदेश मन्त्रालयका प्रवक्ताले जानकारी दिएका छन् ।

रुस र युक्रेनका प्रतिनिधिमण्डलबीच सोमबार बेलारुसको गोमेल क्षेत्रमा भएको वार्ताको जवाफ दिँदै प्रवक्ता वाङ वेनबिनले दैनिक पत्रकार सम्मेलनमा उक्त टिप्पणी गरेका हुन् ।

'हामीले नोट गरेका छौं, दुई पक्ष निकट भविष्यमा नयाँ चरणको वार्ता गर्न सहमत भएका छन' वाङले भनेका छन् । चीनले दुई पक्षले वार्ता र वार्ताको प्रक्रियालाई निरन्तरता दिने र दुवै पक्षको उचित सुरक्षा चासोलाई समेट्ने, युरोपको साझा सुरक्षा र युरोपमा दिगो शान्ति र स्थायित्वका लागि उपयुक्त हुने राजनीतिक समाधान खोज्ने आशा राखेको उनले बताए ।

यी जनपक्षीय मिडियाहरू खोजी खोजी पढौं !

- www.moolbato.com
- www.daunnenews.com
- www.isthaniyapatra.com
- www.navadristi.com
- www.hamrokalapani.com
- www.hamroonline.com
- www.newsabhiyan.com
- वर्गदृस्टि साप्ताहिक
- दाउन्ने साप्ताहिक
- स्थानीयपत्र साप्ताहिक
- छापामार साप्ताहिक
- नयाँ कोशी मासिक
- दायित्वबोध त्रैमासिक

## चुनवाङ...

गजुरेल 'गौरव'लगायतका नेताहरुको क्रान्तिकारी प्रवृत्तिको नै बन्ध्याकरण गर्नु रहेको थियो ।

५. प्रचण्ड, बाबुराम र बादलका बिचको उक्त विलिनीकरणको दोस्रो मुख्य उद्देश्य आफूहरु र आफ्ना कथित क्रान्तिकारी विचार र प्रवृत्तिहरुलाई सचेत र सुनियोजित तवरले राष्ट्रिय र वर्गीय रुपमा आत्मसमर्पण गर्दै-गराउँदै संसदवादी र साम्राज्यवादी-विस्तारवादीहरुसँग अन्तर्घुलन र विलीनीकरण गर्ने नै रहेको थियो । त्यति मात्र होइन, लाल दलाल पुँजीवादको अन्वेषण र अवलम्बन गर्दै उपरोक्त अघिल्ला ३ वर्गमा उल्लिखित मुख्य नेतासहित अन्य आसेपासे र गासेदासेहरुको नवधनाढ्य लाल दलाल वर्गमा उन्नतीकरण गरी सत्ताको सुखसुविधामा भोगविलास गर्ने पनि रहेको स्पष्ट भएको छ ।

६. संक्षेपमा भन्नुपर्दा चर्चित चुनवाङ बैठकको अस्वाभाविक र रहस्यमय लाग्ने प्रचण्ड, बाबुराम र बादलबिचको त्यो आपसी विलीनीकरण आज :ऋऋ सम्झौता जस्तो खुला, सीधा, नाङ्गो र पूर्ण राष्ट्रघाती सम्झौतालाई कथित व्याख्यात्मक टिप्पणी-घोषणा नामको फाटेको जालले छोपेर वा भनौं यस्तो पानी लौरो टेकेर पास गर्ने धृष्टतासम्म आइपुग्दा यसको सार वर्गीय र राष्ट्रिय आत्मसमर्पणवादको पराकाष्ठाको रुपमा प्रकट भएको छ । यद्यपि यो विलिनीकरण नेपाल राष्ट्र, नेपाली शोषित-पीडित जनता र नेपाली क्रान्तिकै विभाजन, विघटन, विसर्जन र विलीनीकरणको रुपमा त हामी धेरैका सामु प्रकट भएकै थियो तर आज संसदमा :ऋऋ जस्तो राष्ट्रघाती सम्झौताटेबुल गरी अनुमोदनका लागि टेबुल हुँदै गर्दा सिङ्गो राष्ट्र सामु नेपाली राष्ट्रिय स्वाधीनता, स्वाभिमान, सार्वभौमिकता, शान्ति र समृद्धिको मात्र होइन; राष्ट्रिय अस्मिता, स्वत्व र अस्तित्व नै विलोपीकरण गर्ने पो रहेछ भन्ने कुरा निर्लज्जतापूर्वक नाङ्गै प्रकट भएको छ ।

***त्यसैले भन्नै पर्ने भएको छ :***

*छीः छीः भनौं त्यो कथित*
*विलिनीकरण नामको*
*दलालीकरणलाई !*
*दूर-दूर गरौं त्यो देसकै दुर्दिन*
*ल्याउने भ्रष्टीकरणलाई !*
*बम बर्षा गरी ध्वस्त गरौं देसका*
*दलाल दलनेता र तिनको दलाली*
*र गद्दारीलाई !*
*भस्म खरानी पारौं एमसीसी र*
*त्यसका अयोजक-प्रायोजकहरुका*
*नेपाल निल्ने षड्यन्त्रलाई !*

## व्याख्यात्मक...

एमसीसी सत्ता टिकाउनलाई हतारहतार पास गरिएको उनको भनाइ थियो । खनालले निलम्बित प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराविरुद्धको महाभियोग प्रस्ताव विस्तारै सदनमा अघि बढ्ने विश्वास व्यक्त गरे ।

## आठ...

जनसंघर्षका कार्यक्रमहरू घोषणा गरेका छन् ।

छ दल र दुई मोर्चाद्वारा जारी संयुक्त विज्ञप्तिमा फागुन २० गते काठमाण्डौ उपत्यकामा विशाल विरोध प्रदर्शन र संयुक्त विरोध सभा गरिने जनाईएको छ । त्यसैगरी फागुन २२ गते बुद्धिजिवीहरूको अन्तरक्रिया, २४ गते ८ मार्च भव्य रूपमा मनाउन देशव्यापी विरोध प्रदर्शन र सभा , २६ गते विद्यार्थीहरूको देशव्यापी क्याम्पस र विद्यालयहरूमा विरोध प्रदर्शन र सभा , २८ गते युवकहरूको देशव्यापी विरोध प्रदर्शन र सभा , ३० गते मजदुरहरूको देशव्यापी विरोध प्रदर्शन र सभा, चैत्र २ गते किसानहरू देशव्यापी विरोध प्रदर्शन र सभा, चैत्र ४ गते श्रमिक/दलित समुदाय मोर्चाको देशव्यापी विरोध प्रदर्शन र सभा र चैत्र ६ गते राष्ट्रिय मूक्ति (जातीय-क्षेत्रीय) मोर्चाहरूको देशव्यापी विरोध प्रदर्शन र सभा गर्ने संघर्षका कार्यक्रम उल्लेख गरिएको छ ।

*संघर्षका कार्यक्रमहरुः*

- फागुन २० गते काठमाण्डौ उपत्यकामा विशाल विरोध प्रदर्शन र संयुक्त विरोध सभा
- फागुन २२ गते बुद्धिजिवीहरूको अन्तरक्रिया
- फागुन २४ गते ८ मार्च भव्य रूपमा मनाउन देशव्यापी विरोध प्रदर्शन र सभा
- फागुन २६ गते विद्यार्थीहरूको देशव्यापी क्याम्पस र विद्यालयहरूमा विरोध प्रदर्शन र सभा
- फागुन २८ गते युवकहरूको देशव्यापी विरोध प्रदर्शन र सभा
- फागुन ३० गते मजदुरहरूको देशव्यापी विरोध प्रदर्शन र सभा
- चैत्र २ गते किसानहरू देशव्यापी विरोध प्रदर्शन र सभा
- चैत्र ४ गते श्रमिक/दलित समुदाय मोर्चाको देशव्यापी विरोध प्रदर्शन र सभा
- चैत्र ६ गते राष्ट्रिय मूक्ति (जातीय/क्षेत्रीय) मोर्चाहरूको देशव्यापी विरोध प्रदर्शन र सभा ।

## राष्ट्रिय...

अमेरिकाको सैन्य अखडा बनाउने उद्देश्यमा आधारित रहेको छ । यसका विरुद्ध प्रतिरोध संघर्ष विकसित गरेर लैजान आवश्यक छ । आवश्यक परे राष्ट्रिय प्रतिरोध युद्ध लड्न तयार हुनुपर्छ ।'

उहाँले यो साम्राज्यवादको नवउपनिवेशवादी चरित्रअनुसार आएकाले कम्युनिस्ट आवरणमा संसद र सत्तामा गएका सबैले राष्टघाती सम्झौता एमसीसी पारित गरेर थप राष्ट्रघात गरेको बताउनु भयो । उहाँले सच्चा देशभक्तहरु, वामपन्थीहरु, कम्युनिस्टहरु, सच्चा लोकतन्त्रवादीहरु, सच्चा क्रान्तिकारीहरु एक भएर अमेरिकी साम्राज्यवादको मिसनमा आधारित एमसीसी सम्झौता खारेज गरेरै छाड्नुपर्ने बताउनु भयो ।

त्यस्तै देशभक्त जागणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले एमसीसीमा चीन समेत गासिएको चर्चा गर्दै युक्रेन मामलामा देउवा सरकारले असंलग्न परराष्ट्र नीतिको गम्भीर उलंघन गरेको बताउनु भयो। उहाँले यसलाई एमसीसीको प्रभावको अर्थमा विश्लेषण गर्नु भयो ।

देशभक्त र क्रान्तिकारीहरुको आन्दोलनमाथि फासिवादी दमन गरेर जबर्जस्ती एमसीसी पास गरेपछि देश अब युद्धमा जाने दाबी गर्नुभयो । र, भन्नुभयो, 'हिजो हामी झिल्का रुपमा थियौ, अब राँको बनेर आएका छौं । यो राँकोले ठूलो डढेलो लगाउन सक्छ ।'

उहाँले प्रचण्ड र माधवको राष्ट्रघातको भारी नबोक्न सत्तारुढ दल माके र एसमाजवादीभित्रका देशभक्तहरुलाई साँचो राष्ट्रवादी शो भने विद्रोह गरेर आउन आव्हान गर्नुभयो ।

अब संसदको औचित्य सकिएको विश्लेषण गर्दै उहाँले अब राष्ट्रिय स्वाधीनताको आन्दमेलनलाई संसदीय व्यवस्था विरुद्धको आन्दोलनसँग जोडेर लैजानुपर्ने आवश्यकता औल्याउनु भयो । एमसीसी प्रकरणमा देशभक्त क्रान्तिकारी र राष्ट्रघाती दलालहरुको कित्ता छुट्टिएको र ध्रुवीकरण बढेको चर्चा गर्दै राष्ट्रिय स्वाधीनताका लागि यस्तो ध्रुवीकरण अझ बढ्नुपर्ने बताउनु भयो । उहाँले भन्नुभयो, 'राष्ट्रिय प्रतिरोध युद्धको निम्ति अझ ठुलो ध्रुविकरणको खाँचो छ ।'

त्यस्तै नेकपाका महासचिव नेत्रविक्रम चन्द विप्लवले दलाल संसदवादीहरुले देशलाई संसदबाट बेचिरहेको चर्चा गर्दै फागुन १५ कालो दिनको रुपमा परिणत भएको बताउनु भयो ।

एमसीसी भुमण्डलीकृत पुँजीवादरसाम्राज्यवादको नयाँ रुप भएको चर्चा गर्दै उहाँले एमसीसी नेपाललाई उपनिवेशमा बदल्ने नीति भएको पनि प्रष्ट पार्नु भयो । अब देशको स्वाधीनता बचाउनका निम्ति राष्ट्रिय प्रतिरोध युद्धको रुपमा एमसीसी युद्ध हुने दाबी गर्दै देशको स्वाधीनता कम्युनिस्ट क्रान्तिकारीहरुले मात्रै बचाउन सक्ने बताउनु भयो ।

६ कम्युनिस्ट पार्टी र २ मोर्चा रहुन्जेल यो देशको स्वाधीनता कसैले समाप्त पार्न नसक्ने भन्दै सेना, प्रहरी र कर्मचारीहरुले समेत यो देश बचाउने संघर्षमा देशभक्त क्रान्तिकारीहरुलाई साथ दिनुपर्ने बताउनु भयो ।

देशलाई दुर्घटनामा पारेर दुर्घटनाबाट बचाए भन्ने प्रचण्डले जनतामा नाङ्गो झुट बोलेर ठुलो भ्रम छरेको बताउँदै सत्ता र पैसाका लागि उनले देश बेचेको दाबी गर्नुभयो ।

राष्ट्रिय जनमोर्चाकाअध्यक्ष चित्रबहादुर केसीले दलाल संसदवादीहरुले देशको स्वाधीनता र सार्वभौमिकता बेचेर देशमा शासन गरिहेको चर्चा गर्दै संसदीय व्यवस्थाका सबै अंगको औचित्य समाप्त भएको प्रष्ट पार्नुभयो ।

नेपाललाई प्रयोग नगरी चीनलाई ठेगान लगाउन सकिन्न भनेर अमेरिका एमसीसी बोकेर नेपाल आएको चर्चा गर्दै उहाँले राष्ट्र अस्तित्वमाथि अहिले गम्भीर खतरा उत्पन्न हुन पुगेको बताउनु भयो ।

एमसीसी पारितै नगरी संसदवादी दलहरुले साढे चार अर्ब खाइसकेको खुलासा गर्दै अध्यक्ष केसीले नेपालको भन्दा एमसीसीको कानुन माथि पारेर एमसीसी पास गरेपछि नेपाल अब अफगानिस्तान, सिरिया, युक्रेनको अवस्था पुग्ने र नेपालको प्राकृतिक र मानवीय स्रोतसाधन अमेरिकाको कब्जामा पुग्ने पनि दावी गर्नु भयो ।

वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीका संयोजक विश्वभक्त दुलाल आहुतिले एमसीसी पास गरेर राष्ट्रघाती दलालहरुले नेपाली जनतालाई चुनौती दिएको चर्चा गर्दै त्यसको सामना गर्ने संकल्पका लागि विरोधसभाको आयोजना गरिएको बताउनु भयो । उहाँले एमसीसी अनुदान नभएर लगानी भएको, प्रचण्डले दावी गरे अनुसार भियना कन्भेन्सनमा त्यस्तो केही उल्लेख नभएको र नाङ्गो झुट बोलेको भन्दै प्रचण्डले छरेको भ्रमको सैद्धान्तिक र प्रामाणिक रुपमा खण्डन गर्न जरुरी रहेको बताउनु भयो ।

संसदबाट राष्ट्रघाती सम्झौता पारित भएपछि दलाल पुँजीवादी व्यवस्थाबाट देशको स्वाधीनताको रक्षा सम्भव नहुने पुष्टि भएको विश्लेषण गर्दै उहाँले सच्चा राष्ट्रवादी हो भने नारायणकाजीहरुलाई प्रचण्डसँग सम्बन्ध विच्छेद गरेर आउन चुनौती दिनु भयो । र, संसदवादी राजनीतिबारे पुनर्विचार गर्नु पनि सुझाब दिनु भयो ।

उहाँले अब राष्ट्रिय मुक्ति आन्दोलनको चक्र चलाउनु पर्नेमा जोड दिदै अबको राष्ट्रिय मुक्ति आन्दोलन विश्व साम्राज्यवादविरोधी आन्दोलनको एक अंगको रुपका विकास गरेर लैजानुपर्ने धारणा राख्नुभयो ।

उहाँले भन्नुभयो, 'दुश्मन सम्पुर्ण रुपमा हाम्रा विरुद्ध आइसकेको छ । साम्राज्यवादविरोधी संयुक्त मोर्चा संगठन बनाएर संघर्ष चर्काउनु पर्छ ।'

नेकपाका अध्यक्ष ऋषि कट्टेलले अमेरिका युद्ध निर्यात गर्ने देश भएकोले अब राष्ट्रिय युद्धको तयारी गर्नुपर्ने कुरा बताउनु भयो । उहाँले भन्नुभयो, 'एमसीसी नयाँ नेटो हो । अब संघर्षको तयारी गर्नुपर्छ ।'

त्यसैगरी नेकपा ९मसाल०का प्रवक्ता रामप्रकाश पुरी र नेकपा ९माके समाजवादी०का संयोजक कर्णजीत बुढाथोकीले पनि एमसीसी सम्झौता खारेजीका लागि खुट्टा नकमाइकन राष्ट्रिय प्रतिरोध युद्धको तयारीमा अगाडि बढ्नुपर्ने कुरा बताउनु भएको थियो ।

कार्यक्रममा जनक्रान्तिका महान् सहिद परिवार सङ्गठनकी अध्यक्ष खुमा सुवेदीले राष्ट्रघातीहरुलाई देशबाट खेद्नुपर्ने बताउनु भयो ।

विरोधसभाको सञ्चालन नेकपाका प्रवक्ता खड्गबहादुर विश्वकर्मा प्रकाण्डले गर्नुभएकोथियो ।

## राष्ट्रघाती...

आन्दोलन र संसदीय व्यवस्था विरुद्धको आन्दोलनलाई जोडेर सशक्त संघर्षको तयारी गर्नुपर्ने विचार व्यक्त गर्नु भयो ।

विरोधसभाको अध्यक्षता समेत गर्दै नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य किरणले एमसीसीविरोधी आन्दोलन जारी रहेको र यसको ऐतिहासिक महत्व रहेको बताउनु भयो । उहाँले भन्नुभयो, 'एमसीसी राष्ट्रघाती छ । नेपालमा एउटा राष्ट्रघात थप भएको छ । रूपमा यो सम्झौता आर्थिक सहयोग भनेर आइरहेको छ । तर सारमा यो हिन्द प्रशान्त रणनीतिसँग सम्बन्धित छ र नेपाललाई अमेरिकाको सैन्य अखडा बनाउने उद्देश्यमा आधारित रहेको छ । यसका विरुद्ध प्रतिरोध संघर्ष विकसित गरेर लैजान आवश्यक छ । आवश्यक परे राष्ट्रिय प्रतिरोध युद्ध लड्न तयार हुनुपर्छ ।'

उहाँले यो साम्राज्यवादको नवउपनिवेशवादी चरित्रअनुसार आएकाले कम्युनिस्ट आवरणमा संसद र सत्तामा गएका सबैले राष्टघाती सम्झौता एमसीसी पारित गरेर थप राष्ट्रघात गरेको बताउनु भयो । उहाँले सच्चा देशभक्तहरु, वामपन्थीहरु, कम्युनिस्टहरु, सच्चा लोकतन्त्रवादीहरु, सच्चा क्रान्तिकारीहरु एक भएर अमेरिकी साम्राज्यवादको मिसनमा आधारित एमसीसी सम्झौता खारेज गरेरै छाड्नुपर्ने बताउनु भयो ।

त्यस्तै देशभक्त जागणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले एमसीसीमा चीन समेत गासिएको चर्चा गर्दै युक्रेन मामलामा देउवा सरकारले असंलग्न परराष्ट्र नीतिको गम्भीर उलंघन गरेको बताउनु भयो। उहाँले यसलाई एमसीसीको प्रभावको अर्थमा विश्लेषण गर्नु भयो ।

देशभक्त र क्रान्तिकारीहरुको आन्दोलनमाथि फासिवादी दमन गरेर जबर्जस्ती एमसीसी पास गरेपछि देश अब युद्धमा जाने दाबी गर्नुभयो । र, भन्नुभयो, 'हिजो हामी झिल्का रुपमा थियौ, अब राँको बनेर आएका छौं । यो राँकोले ठूलो डढेलो लगाउन सक्छ ।'

उहाँले प्रचण्ड र माधवको राष्ट्रघातको भारी नबोक्न सत्तारुढ दल माके र एसमाजवादीभित्रका देशभक्तहरुलाई साँचो राष्ट्रवादी शो भने विद्रोह गरेर आउन आव्हान गर्नुभयो ।

अब संसदको औचित्य सकिएको विश्लेषण गर्दै उहाँले अब राष्ट्रिय स्वाधीनताको आन्दमेलनलाई संसदीय व्यवस्था विरुद्धको आन्दोलनसँग जोडेर लैजानुपर्ने आवश्यकता औल्याउनु भयो । एमसीसी प्रकरणमा देशभक्त क्रान्तिकारी र राष्ट्रघाती दलालहरुको कित्ता छुट्टिएको र ध्रुवीकरण बढेको चर्चा गर्दै राष्ट्रिय स्वाधीनताका लागि यस्तो ध्रुवीकरण अझ बढ्नुपर्ने बताउनु भयो । उहाँले भन्नुभयो, 'राष्ट्रिय प्रतिरोध युद्धको निम्ति अझ ठुलो ध्रुविकरणको खाँचो छ ।'

त्यस्तै नेकपाका महासचिव नेत्रविक्रम चन्द विप्लवले दलाल संसदवादीहरुले देशलाई संसदबाट बेचिरहेको चर्चा गर्दै फागुन १५ कालो दिनको रुपमा परिणत भएको बताउनु भयो ।

एमसीसी भुमण्डलीकृत पुँजीवाद/साम्राज्यवादको नयाँ रुप भएको चर्चा गर्दै उहाँले एमसीसी नेपाललाई उपनिवेशमा बदल्ने नीति भएको पनि प्रष्ट पार्नु भयो । अब देशको स्वाधीनता बचाउनका निम्ति राष्ट्रिय प्रतिरोध युद्धको रुपमा एमसीसी युद्ध हुने दाबी गर्दै देशको स्वाधीनता कम्युनिस्ट क्रान्तिकारीहरुले मात्रै बचाउन सक्ने बताउनु भयो ।

६ कम्युनिस्ट पार्टी र २ मोर्चा रहुन्जेल यो देशको स्वाधीनता कसैले समाप्त पार्न नसक्ने भन्दै सेना, प्रहरी र कर्मचारीहरुले समेत यो देश बचाउने संघर्षमा देशभक्त क्रान्तिकारीहरुलाई साथ दिनुपर्ने बताउनु भयो ।

देशलाई दुर्घटनामा पारेर दुर्घटनाबाट बचाए भन्ने प्रचण्डले जनतामा नाङ्गो झुट बोलेर ठुलो भ्रम छरेको बताउँदै सत्ता र पैसाका लागि उनले देश बेचेको दाबी गर्नुभयो ।

राष्ट्रिय जनमोर्चाकाअध्यक्ष चित्रबहादुर केसीले दलाल संसदवादीहरुले देशको स्वाधीनता र सार्वभौमिकता बेचेर देशमा शासन गरिहेको चर्चा गर्दै संसदीय व्यवस्थाका सबै अंगको औचित्य समाप्त भएको प्रष्ट पार्नुभयो ।

नेपाललाई प्रयोग नगरी चीनलाई ठेगान लगाउन सकिन्न भनेर अमेरिका एमसीसी बोकेर नेपाल आएको चर्चा गर्दै उहाँले राष्ट्र अस्तित्वमाथि अहिले गम्भीर खतरा उत्पन्न हुन पुगेको बताउनु भयो ।

एमसीसी पारितै नगरी संसदवादी दलहरुले साढे चार अर्ब खाइसकेको खुलासा गर्दै अध्यक्ष केसीले नेपालको भन्दा एमसीसीको कानुन माथि पारेर एमसीसी पास गरेपछि नेपाल अब अफगानिस्तान, सिरिया, युक्रेनको अवस्था पुग्ने र नेपालको प्राकृतिक र मानवीय स्रोतसाधन अमेरिकाको कब्जामा पुग्ने पनि दावी गर्नु भयो ।

वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीका संयोजक विश्वभक्त दुलाल आहुतिले एमसीसी पास गरेर राष्ट्रघाती दलालहरुले नेपाली जनतालाई चुनौती दिएको चर्चा गर्दै त्यसको सामना गर्ने संकल्पका लागि विरोधसभाको आयोजना गरिएको बताउनु भयो । उहाँले एमसीसी अनुदान नभएर लगानी भएको, प्रचण्डले दावी गरे अनुसार भियना कन्भेन्सनमा त्यस्तो केही उल्लेख नभएको र नाङ्गो झुट बोलेको भन्दै प्रचण्डले छरेको भ्रमको सैद्धान्तिक र प्रामाणिक रुपमा खण्डन गर्न जरुरी रहेको बताउनु भयो ।

संसदबाट राष्ट्रघाती सम्झौता पारित भएपछि दलाल पुँजीवादी व्यवस्थाबाट देशको स्वाधीनताको रक्षा सम्भव नहुने पुष्टि भएको विश्लेषण गर्दै उहाँले सच्चा राष्ट्रवादी हो भने नारायणकाजीहरुलाई प्रचण्डसँग सम्बन्ध विच्छेद गरेर आउन चुनौती दिनु भयो । र, संसदवादी राजनीतिबारे पुनर्विचार गर्नु पनि सुझाब दिनु भयो ।

उहाँले अब राष्ट्रिय मुक्ति आन्दोलनको चक्र चलाउनु पर्नेमा जोड दिदै अबको राष्ट्रिय मुक्ति आन्दोलन विश्व साम्राज्यवादविरोधी आन्दोलनको एक अंगको रुपका विकास गरेर लैजानुपर्ने धारणा राख्नुभयो ।

उहाँले भन्नुभयो, 'दुश्मन सम्पुर्ण रुपमा हाम्रा विरुद्ध आइसकेको छ । साम्राज्यवादविरोधी संयुक्त मोर्चा संगठन बनाएर संघर्ष चर्काउनु पर्छ ।'

नेकपाका अध्यक्ष ऋषि कट्टेलले अमेरिका युद्ध निर्यात गर्ने देश भएकोले अब राष्ट्रिय युद्धको तयारी गर्नुपर्ने बताउनु भयो । उहाँले भन्नुभयो, 'एमसीसी नयाँ नेटो हो । अब संघर्षको तयारी गर्नुपर्छ ।'

त्यसैगरी नेकपा (मसाल)का प्रवक्ता रामप्रकाश पुरी र नेकपा (माके समाजवादी)का संयोजक कर्णजीत बुढाथोकीले पनि एमसीसी सम्झौता खारेजीका लागि खुट्टा नकमाइकन राष्ट्रिय प्रतिरोध युद्धको तयारीमा अगाडि बढ्नुपर्ने कुरा बताउनु भएको थियो ।

का र्य क्र म मा जनक्रान्तिका महान् सहिद परिवार सङ्गठनकी अध्यक्ष खुमा सुवेदीले राष्ट्रघातीहरुलाई देशबाट खेद्नुपर्ने बताउनु भयो ।

विरोधसभाको सञ्चालन नेकपाका प्रवक्ता खड्गबहादुर विश्वकर्मा प्रकाण्डले गर्नुभएको थियो ।

चैत्र ६ सम्म आठ दलको चरणबद्ध संघर्षका कार्यक्रम

आठ दलले गत मङ्गलबार संयुक्त वक्तव्य जारी गर्दै एमसीसीका विरुद्ध चैत्र ६ गतेसम्म चरणवद्ध संघर्षका कार्यक्रम घोषणा गरेका छन् । आठ दलले नेपाली राजनीतिक आन्दोलन र राष्ट्रिय मुक्तिको जनसङ्घर्षको इतिहासमा नेपालका क्रान्तिकारी कम्युनिस्ट पार्टी, सच्चा लोकतन्त्रवादी, देशभक्त शक्ति र राष्ट्रवादी आमनेपाली जनताले फागुन १५ गतेलाई कालो दिन घोषणा गर्दै शेरबहादुर देउवा सरकार, नेपाली काङ्ग्रेस, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी र लोकतान्त्रिक समाजवादी पार्टीका नेताहरूले नेपाली जनताको विरोध, प्रतिवाद र देशव्यापी खारेजी आन्दोलनविरुद्ध राष्ट्रघाती, जनघाती र अमेरिकी साम्राज्यवादसँग आत्मसमर्पणवादी कुकार्य गरेको निष्कर्ष पनि निकालेका थिए ।

उनीहरुले देश र नेपाली जनताका विरुद्ध गरिएको अक्षम्य अपराध साबित भएको र घोर राष्ट्रघाती एमसीसी सम्झौता संसद्बाट पारित हुँदै गर्दा नेकपा (एमाले) ले त्यसका विरुद्ध सङ्घर्ष गर्नुको सट्टा गयल घेराउको बहानामा सम्झौता पारित गर्न सघाउ पुऱ्याउने कार्य गरी नेपाली जनता र राष्ट्रप्रति अन्तरघात गरेको ठहर पनि गरेका छन् ।

संयुक्त प्रेस विज्ञप्तिमा भनिएको छ, 'आज हाम्रो ६ कम्युनिस्ट पार्टी र २ मोर्चाको बैठक नेपाल कम्युनिस्ट पार्टीको केन्द्रीय कार्यालय बुद्धनगर, काठमाडौंमा बस्यो । नेपाली राजनीतिक आन्दोलन र राष्ट्रिय मुक्तिको जनसङ्घर्षको इतिहासमा नेपालका क्रान्तिकारी कम्युनिस्ट पार्टी, सच्चा लोकतन्त्रवादी, देशभक्त शक्ति र राष्ट्रवादी आमनेपाली जनताले गत फागुन १५ गतेलाई कालो दिन घोषणा गरेका छन् । शेरबहादुर देउवा सरकार, नेपाली काङ्ग्रेस, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी र लोकतान्त्रिक समाजवादी पार्टीका नेताहरूले नेपाली जनताको विरोध, प्रतिवाद र देशव्यापी खारेजी आन्दोलनका खिलापमा राष्ट्रघाती, जनघाती र अमेरिकी साम्राज्यवादसँग आत्मसमर्पणवादी कुकार्य गरे । यो देश र नेपाली जनताका विरुद्ध गरिएको अक्षम्य अपराध साबित भएको छ ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'त्यसैगरी घोर राष्ट्रघाती एमसीसी सम्झौता संसद्बाट पारित हुँदै गर्दा नेकपा (एमाले) ले त्यसका विरुद्ध सङ्घर्ष गर्नुको सट्टा वयल घेराउको बहानामा सम्झौता पारित गर्न सघाउ पुऱ्याउने कार्य गरी नेपाली जनता र राष्ट्रप्रति अन्तरघात गरेको छ । एमसीसी सम्झौता पारित गर्ने राष्ट्रघातका विरुद्ध अविराम र निर्णायक जनसङ्घर्ष सञ्चालन गर्नु सम्पूर्ण देशभक्त नेपाली जनताको अहम् कर्तव्य हुन पुगेको छ । विषयको यही गम्भीर्यलाई दृष्टिगत गरी हामी ६ कम्युनिस्ट पार्टी र २ वटा मोर्चाले आगामी चैत ६ गतेसम्मको जनसङ्घर्षका कार्यक्रमहरू घोषणा गरेका छौं । सम्पूर्ण क्रान्तिकारी कम्युनिस्टहरू, सच्चा लोकतन्त्रवादीहरू, देशभक्त शक्तिहरू, राष्ट्रवादी व्यक्तित्वहरू र आमनेपाली जनसमुदायमा घोषित सङ्घर्षको कार्यक्रमलाई सशक्त रूपमा सफल पार्न व्यापक सहभागिताका निम्ति विनम्र अनुरोध गर्दछौं ।'

संयुक्त प्रेस विज्ञप्तिमा नेकपा (क्रान्तिकारी माओवादी) का महासचिव मोहन वैद्य 'किरण', नेकपाका महासचिव विप्लव, नेकपा (मसाल) का महामन्त्री मोहनविक्रम सिंह, नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष ऋषि कट्टेल, नेपाल कम्युनिस्ट पार्टी माओवादी समाजवादीका अध्यक्ष कर्णजित बुढाथोकी, देशभक्त जनगणतान्त्रिक मोर्चाका अध्यक्ष सीपी गजुरेल, राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी र वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपालका संयोजक आहुतीको हस्ताक्षर रहेको छ ।

**घोषित संघर्षका कार्यक्रमहरुमा :**

१) फागुन २० गते काठमाडौं उपत्यकामा विशाल विरोध प्रदर्शन र संयुक्त विरोधसभा (भइसकेको)

२) फागुन २२ गते बुद्धिजीवीहरूको अन्तरक्रिया (भइसकेको)

३) फागुन २४ गते ८ मार्च भव्य रूपमा मनाउन देशव्यापी विरोध प्रदर्शन र सभा

४) फागुन २६ गते विद्यार्थीहरूको देशव्यापी क्याम्पस र विद्यालयहरूमा विरोध प्रदर्शन र सभा

५) फागुन २८ गते युवकहरूको देशव्यापी विरोध प्रदर्शन र सभा

६) फागुन ३० गते मजदुरहरूको देशव्यापी विरोध प्रदर्शन र सभा

७) चैत २ गते किसानहरूको देशव्यापी विरोध प्रदर्शन र सभा


८) चैत ४ गते श्रमिक/दलित समुदाय मोर्चाको देशव्यापी विरोध प्रदर्शन र सभा

९) चैत ६ गते राष्ट्रिय मुक्ति (जातीय/क्षेत्रीय) मोर्चाहरूको देशव्यापी विरोध प्रदर्शन र सभा

## आलोपालो

# चुनवाङ बैठकको विलिनीकरण र राष्ट्रिय स्वाधीनताको विलोपीकरण ! एक टिप्पणी

*प्रचण्डका प्रतिस्पर्धी नेता बाबुराम भट्टराई ञलालध्वजझ माथि ज्ञात-अज्ञात, प्रत्यक्ष-अप्रत्यक्ष, औपचारिक-अनौपचारिक, आधिकारिक-अनाधिकारिक र घोषित-अघोषित रुपमा पार्टीभित्र-बाहिर थोरै वा धेरै मात्रामा लगाइएको आरोप 'दक्षिणपन्थी दलाल बुद्धिजीवीवादी प्रवृत्ति'को विलिनीकरण गरी निर्मलीकरण गर्ने*



● नारायण शर्मा ●

तत्कालीन नेकपा माओवादीको चर्चित चुनवाङ बैठकमा अध्यक्ष पुष्पकमल दाहाल ञप्रचण्डझ, नेता बाबुराम भट्टराई ञलालध्वजझ र रामबहादुर थापा ञबादलझ जस्ता तीन विपरीत प्रवृत्तिका व्यक्ती र शक्तिहरुको आपसमा भएको विलिनीकरण विशेष उल्लेखनीय र चर्चित पनि छ । यसमा नेतृत्वपंक्तिका विभिन्न गुट र गुमस्ताहरु, शक्ति र व्यक्तीहरु, पात्र र प्रवृत्तिहरु अनि चिन्तन र चरित्रहरुको आपसमा नाटकीय विलिनीकरण भएको थियो । त्यो विलिनीकरण रुपमा नाटकीय र आकस्मिक लागे पनि सारतः त्यो देसकै स्वाधीनता र स्वत्वको सुनियोजित विलिनीकरणको प्रपन्च थियो भन्ने हाल कुरा हाल संसदमा ऋऋ सम्झौता टेबुल र अनुमोदन गरिदा यी तीनै नेताको एउटै स्वर र सार प्रकट भएबाट पूर्णतः स्पष्ट भएको छ । तथापि त्यो विलिनीकरणका निम्न केही अन्य उद्देश्यहरु समेत थिए :

१. प्रचण्डका समकक्षी नेता रामबहादुर थापा ञवादलझको योनकाण्डपछि उनीमाथी प्रचण्ड नेतृत्वको केन्द्रीय समितिको बैठकबाट आधिकारिक र औपचारिक निर्णयद्वारा घोषित रुपमा लगाइएको संश्लेषित राजनीतिक आरोप 'लिनप्याओवाद उन्मुख प्रवृत्ति'को विलिनीकरण गरी उनलाई चोख्याएर संसदवादतिर सोझ्याउने ।

२. प्रचण्डका प्रतिस्पर्धी नेता बाबुराम भट्टराई ञलालध्वजझ माथि ज्ञात-अज्ञात, प्रत्यक्ष-अप्रत्यक्ष, औपचारिक-अनौपचारिक, आधिकारिक-अनाधिकारिक र घोषित-अघोषित रुपमा पार्टीभित्र-बाहिर थोरै वा धेरै मात्रामा लगाइएको आरोप ञदक्षिणपन्थी दलाल बुद्धिजीवीवादी प्रवृत्तिझ को विलिनीकरण गरी निर्मलीकरण गर्ने ।

३. अध्यक्ष पुष्पकमल दाहाल ञप्रचण्डझका योगदानहरुलाई दोस्रो राष्ट्रिय सम्मेलन २०५७ द्वारा संश्लेषित 'प्रचण्डपथ'प्रति व्यक्त वा अव्यक्त, आलोच्य वा पुज्य ञव्यक्तिवादी महत्वाकाङ्क्षी, उपयोगवादी र उपभोक्तावादी तथा षड्यन्त्रकारी र विश्वासघाती प्रवृत्तिझको विलिनीकरण गरी शुद्धीकरण गर्ने ।

४. उपरोक्त ३ प्रकारका व्यक्ति, शक्ति र प्रवृत्तिहरुको प्रथम अघोषित वा गोप्य उद्देश्य त क्रान्तिकारी नेता मोहन वैद्य 'किरण' र चन्द्रप्रकाश *बाँकी ७ पेजमा*

# राष्ट्रघाती एमसीसी पास गरेपछि सत्ता गठबन्धन र एमालेका विरुद्ध जनआक्रोश विष्फोटक बन्दै

काठमाडौं । राष्ट्रघाती एमसीसी पास गरेपछि सत्ता गठबन्धन र एमालेका विरुद्ध जनआक्रोश विष्फोटक बन्दै गएको छ । देशव्यापी विरोध र संघर्षलाई बेवास्ता गर्दै सत्तागठबन्धन र एमालेको मौन समर्थनमा राष्ट्रघाती एमसीसी सम्झौता पारित गरेपछि संघर्षरत ६ कम्युनिस्ट पार्टी र २ मोर्चाको संयुक्त आयोजनामा सोमबार नेपाल बन्द आव्हान गरिएको थियो । बन्दको काठमाडौं उपत्यकामा कम प्रभाव परे पनि काठमाडौं उपत्यकाभन्दा बाहिर ठप्प थियो ।

अन्य जिल्लामा झै सुर्खेतमा पनि विहानैदेखि बन्तकर्ताहरु सडकमा निस्किएका थिए । १० बजेपछि बन्दकर्ताको समूहमा जनसहभागिता समेत बढ्दै गयो । एमसीसी खारेज गर, प्रतिक्रियावादी राष्ट्रघाती दलालहरु मुर्दावाद, अमेरिकी साम्राज्यवाद मुर्दावाद, दलालहरु होशियार भन्दै सडकमा टायर बालेर नाराजुलुस गरेका बन्दकर्ताहरु सत्तागठबन्धन र एमालेप्रति आफ्नो तीव्र आक्रोस पाखिरहेका थिए ।

आक्रोसित समूहले राष्ट्रघाती दलालहरुले सरकारी जग्गामा पार्टी कार्यालय बनाएको भन्दै विरोध गरिरहेका उनीहरुको एक समूहले नेपाली कांग्रेस, माओवादी केन्द्र र एमालेको पार्टी कार्यालयमा तोडफोड र आगजनी गर्न पुग्यो । स्थिति अनियन्त्रित भएपछि स्थानीय प्रशासनले स्थितिलाई नियन्त्रणमा लिन भन्दै साँझ ८ : १५ बजेदेखि मंगलबार साँझ ७ बजेसम्मका लागि कर्फ्यू आदेश जारी गरेको थियो ।

सोमबार साँझ बसेको जिल्ला सुरक्षा समितिको बैठकले कर्फ्यू लगाउने निर्णय गरेको प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजालले बताएका थिए । उनका अनुसार स्थानीय प्रशासन ऐन (संसोधनसहित) २०२८ को दफा ६ ९क० बमोजिम कर्फ्यू आदेश जारी गरिएको थियो । सोमबार बन्दकर्ता र सुरक्षाकर्मीबीच पटक पटक झडपसमेत भएको थियो । भीड नियन्त्रणका लागि प्रहरीले तीन दर्जन भन्दा बढी राउन्ड अश्रुग्याँस समेत प्रहार गरेको थियो ।

महिला अधिकारलाई नारामा मात्र होइन,
व्यवहारमा परिणत गरौं ।
अन्तर्राष्ट्रिय नारी दिवस
भव्य रूपमा मनाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड







**प्रकाशक** : वर्गदृस्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटोः** जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।